प्रत्येक वर्ष माघ १४ गते 'सम्पत्ति शुद्धीकरण दिवस' मनाइने | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक २१७ • २०८१ साल पुस १८ गते विहीबार (2 January, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–


## 'कृषि औजार कारखानालाई सहयोग गर्न प्रदेश सरकार प्रतिवद्ध'

**टुडे समाचारदाता'**

वीरगञ्ज । मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीले वीरगञ्ज कृषि औजार कारखाना सञ्चालन गर्नका लागि मधशे सरकार सहयोग गर्न तयार रहेको बताएका छन् ।

राष्ट्रिय आविष्कार केन्द्रद्वारा सञ्चालित कारखानाको बुधबार स्थलगत निरीक्षण पछि उनले मधेश प्रदेश सरकारले कारखाना सञ्चालनका लागि आवश्यक सहयोग गर्ने बताए । उनलेस अहिले कारखानामा भइरहेको अनुसन्धान र कामबाट आफू अत्यन्त प्रभावित भएको समेत मन्त्री क्षेत्रीले बताए । मन्त्री क्षेत्रीले भने, 'कारखानाको लागि प्रदेश सरकारले यस वर्ष छुट्याएको ५० लाख रुपैयाँ दिने प्रक्रिया अघि बढिसकेको छ,' उनले भने, 'आउँदो वर्षको बजेटमा पनि कारखानाको लागि थप रकम छुट्याउन सरकार बचनबद्ध छ ।'

उनले कारखाना सन्चालनका लागि रहेका समस्याहरुलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको पनि बताए ।



प्रदेश सरकारले छिट्टै कृषि ऐन ल्याउन लागेको भन्दै उनले ऐन आएपछि काम गर्न झनै सहज हुने बताए । 'कृषि ऐनको मस्यौदा हाल कृषि समितिमा गइसकेको छ,' उनले भने, 'त्यसपछि सदनमा जान्छ, ऐन आएपछि काम गर्न झनै सहज हुन्छ ।'

आविष्कार केन्द्रले उत्पादन गर्ने कृषि उपकरणहरुलाई किसानसम्म पुऱ्याउन प्रदेश र संघीय सरकारले सहयोग र सहजीकरण गर्ने भन्दै मन्त्री क्षेत्रीले विदेशीभन्दा स्वदेशी कृषि उपकरण सस्तो, भरपर्दो र गुणस्तरीय हुने भएकाले स्वदेशी कृषि औजारलाई पनि प्रोत्साहित गरिने तयार रहेको बताए । उनले यसका लागि केन्द्रले पनि आफ्ना उत्पादन अब किसानको खेतसम्म पुऱ्याएर सफल परीक्षण गर्नुपर्ने बताए ।

तीन दशकयता किसानलाई अनुदानमै कृषि उपकरण वितरण भइरहेको तर त्यसको प्रतिफल आउन नसकेको भन्दै मन्त्री क्षेत्रीले अब परम्परागत खेतीलाई विस्थापित गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न अत्याधुनिक कृषि उपकरण किसानको पहुँचसम्म पुग्न आवश्यक भएको मन्त्री क्षेत्रीले बताए ।

केन्द्रका प्रमुख इन्जिनियर रितेश देवले मन्त्री क्षेत्रीलाई केन्द्रले आविष्कार गरेका विभिन्न उपकरणबारे जानकारी गराएका थिए । उनले कृषि उपकरण उत्पादन गर्न आयात गरिने कच्चा पदार्थमा लाग्ने भन्सार महसुल चर्को रहेकाले त्यसलाई घटाउन आग्रह गरे ।

# ओलीको इसारामा अख्तियारले रेग्मी र पौडेलमाथि मुद्दा दर्ता गरेनन्

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेबाट निष्कासित नेता भीम रावलले ललिता निवास जग्गा प्रकरणमा प्रधानमन्त्रीसमेत रहेका एमालेका अध्यक्ष केपी शर्मा ओलीको इसारामा उपाध्यक्ष विष्णु पौडेलका छोरा नवीन र सर्वोच्चका न्यायाधीश कुमार रेग्मीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा नचलाएको आरोप लगाएका छन् ।

उनले बुधबार पत्रकार सम्मेलनमा यस्तो आरोप लगाएका हुन् । रेग्मी र पौडेलले आफ्नो नाममा भएको ललिता निवासको जग्गा विवादमा परेपछि फिर्ता गरेका थिए ।

'ललिता निवास बालुवाटार जग्गा भ्रष्टाचार प्रकरणमा विष्णुप्रसाद पौडेलका छोरा नवीन पौडल र सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीले अवैध रूपमा प्राप्त गरेको जग्गा सरकारलाई फिर्ता गरेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजको नाममा मुद्दा दर्ता गर्न नपर्ने फैसला तपाईंकै इसारामा गरेको होइन र ?,' उनको आरोप थियो, 'कसैले चोरी गरेको सामान फिर्ता गर्दैमा दण्ड सजाय नगर्ने कानुन छ र ?'



एमालेले पार्टी हितविपरीत गतिविधि गरेको भन्दै निष्कासन गरेको पूर्वउपाध्यक्ष भीम रावलले 'देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्तिको निर्माण' गर्ने घोषणा गरेका छन् ।

कम्युनिस्ट, गैरकम्युनिस्ट विचार अटाउने 'उदारवादी विचारधारा' भएको पार्टी गठन गर्ने गृहकार्यमा लागेका रावलले बुधबार राष्ट्रिय स्वाधीनता, स्वाभिमान र समृद्धिको पक्षमा उभिने राजनीतिक शक्ति बनाउने जनाएका छन् ।

'सम्पूर्ण देशभक्तहरुलाई एकजुट भएर अघि बढ्न आग्रह गर्दछु । आजको अभियान, भोलिको देशभक्तिपूर्ण संगठन निर्माणको आधार हुनेछ । देश र जनतासँग परामर्श गरेर अघि जाने कुरा हो,' उनले भने, 'देश र जनतासँग सम्बन्धित समय विचार, कार्यक्रम, नीति तय गर्दै देश र प्रवासमा अभियान सञ्चालन गर्दै देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्तिको निर्माण अपरिहार्य बनेको छ । यसैतर्फ हाम्रो पाइला र प्रयासहरु अगाडि बढ्ने छन् ।'

उनले देशको हितको पक्षमा काम गर्ने अभियान चलाउने जानकारी दिए । 'देशको जनशक्ति र प्राकृतिक स्रोत सर्वप्रथम देशको सर्वोपरी हितमा परिचालित र उपयोग हुनुपर्ने कुरालाई नीति र निर्णयमा स्थापित गर्नुपर्छ,' उनले भनेका छन्, 'राजनीति, राजनीतिक दल, सिद्धान्त सबै देशको सर्वोपरी हित पूरा गर्न माध्यम र साधनमात्र हुन्, देश सबैभन्दा माथि हुन्छ भन्ने धारणालाई बलियो गरी अवलम्बन गर्नुपर्छ । राजनीतिक दल र राज्यका सबै अवयव र संयन्त्रहरु राष्ट्रिय हित, जनताको समृद्धि र कल्याणमा केन्द्रित र सञ्चालित हुनुपर्छ ।' उनले विधि, पद्धति, प्रणाली र सुशासनको बाटोमा निस्वार्थ रुपमा दृढताका साथ हिँड्ने प्रतिबद्धता गरेका छन् ।







# अत्याधुनिक सुविधा सम्पन्न मुस्कान अस्पताल सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको राजधानी जनकपुरधाममा अत्याधुनिक सुविधासम्पन्न मुस्कान अस्पताल बुधवारदेखि सञ्चालनमा आएको छ। अंग्रेजी नयाँ वर्ष २०२५को अवसरमा मुस्कान अस्पतालको समुद्घाटन गरिएको छ। नेपाली कांग्रेसका सहमहान्त्री तथा पूर्व मन्त्री महेन्द्र यादवले मुस्कान अस्पतालको एक समरोहकाबीच समुद्घाटन गरे।

अस्पतालको उद्घाटन गर्दै यादवले मधेश प्रदेशको राजधानीमा निर्मित अत्याधुनिक सुविधासम्म मुस्कान अस्पतालले विरामीलाई गुणस्तरीय र विशेषज्ञ सेवा प्रदान गर्ने विश्वास व्यक्त गरे। जनकपुरधाममा सबै वर्गका विरामीको लागि अस्पतालमा उपचार सेवा सहज बन्नु पर्ने धारणा राखे।

जनकपुरधामको पिडारी चोकदेखि करिब सय मिटर उत्तर जनकपुरधाम-ढल्केवर सडक खण्डको पूर्वपट्टी नवनिर्मित अत्याधुनिक सुविधासम्पन्न मुस्कान अस्पताल २५ शैयाको रहेको अस्पतालका संचालक कमल कवाडीले बताए। मुस्कान अस्पतालले उपचार सेवाको गुणस्तरीयतामा कुनै सम्झौता नगर्ने र गरिव, असाहयको उपचारमा विशेष छुट समेत दिने संचालक कवाडीले भने।

२५ शैय्याको दर्ता अनुमति रहेको रहेको मुस्कान अस्पतालमा दुई वटा भेन्टिलेटर, आइसियु, एनसियु, सर्जिकल





अस्पताल संख्यात्मक रुपमा थुप्रै भएपनि गुणस्तरीय र विशेषज्ञ सेवाको अभाव रहेकाले अस्पताल संचालकलाई यसमा गम्भीर बन्न आग्रह गरे। उपचारका लागि जनकपुर आएका विरामीलाई गुणस्तरीय र विशेषज्ञ सेवाका लागि अन्यत्र जान नपरोस् भन्दै उनले वार्ड, जेनरल वार्ड, ईमरजेन्सी सेवा, अप्रेशन सेवा, एक्सरे सेवा, प्याथोलोजी, औषधि पसल लगायतको सेवा अस्पतालभित्रै उपलब्ध रहेको उहाँले जानकारी दिनुभयो। अस्पताल उद्घाटन समारोहमा चिकित्सक, स्वास्थ्यकर्मी, स्थानीयलगायतको उपस्थिति रहेको थियो।

# कृत्रिम बौद्धिकता (एआई) को प्रयोगद्वारा जीवनको खोज

काठमाण्डु। नासाले १४ अक्टोबर २०२४ मा जुपिटर(वृहस्पति) ग्रहको चन्द्रमा युरोपाको अध्ययन गर्न प्रक्षेपण गरेको युरोपा क्लिपर मिसन विज्ञान र प्रविधिको क्षेत्रमा माइलस्टोन बनेको छ। युरोपा क्लिपर जुपिटरको चन्द्रमा युरोपाको विस्तृत अध्ययन गर्न डिजाइन गरिएको पहिलो मिसन हो। वैज्ञानिक प्रमाणहरूका अनुसार अहिले पनि जीवनका लागि आवश्यक तत्वहरू युरोपामा हुन सक्छन्। यो अन्तरिक्ष यान छ वर्षपछि, अप्रिल २०३० मा १.८ अर्ब माइल (२.९ अर्ब किलोमिटर) यात्रा गरेर जुपिटरमा पुग्नेछ। त्यहाँ पुगेपछि, यो जुपिटरको परिक्रमा गर्दै युरोपाको ४९ पटक नजिकबाट उडान गरेर अध्ययन गर्नेछ।

यस मिसनमा कृत्रिम बैद्धिकता (एआई) र अन्य अत्याधुनिक प्रविधिहरूको प्रयोग गरेर जीवनको सम्भावना खोज्ने लक्ष्य राखिएको छ। एआई भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो। यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ। वैज्ञानिकहरूले यो मिसन केवल पृथ्वीबाहेक जीवनको खोजीको लागि मात्र नभई, भविष्यमा अन्य ग्रह र चन्द्रमाहरूमा अन्वेषण गर्ने योजनाहरूको मार्गप्रशस्त गर्ने विश्वास गरेका छन्। नासाको युरोपा क्लिपर मिसनको कुल अनुमानित लागत लगभग ५.२ अर्ब डलर रहेको छ। यसमा मिसनको विकासदेखि २०३० मा जुपिटरमा पुगेर चार वर्षसम्म सञ्चालन गर्ने सम्पूर्ण खर्च समावेश छ। मिसन अत्यन्त जटिल भएकाले, डिजाइन र विकिरण जस्ता चुनौतीका कारण बजेट बढ्दै गएको हो। यो नासाका सबैभन्दा महँगो ग्रह विज्ञान परियोजनाहरू मध्ये एक मानिन्छ।

युरोपा क्लिपर मिसनमा १,००० भन्दा बढी वैज्ञानिक र इन्जिनियरहरू संलग्न थिए, जसमा एआई र ग्रह अनुसन्धानका विशेषज्ञहरू पनि समावेश थिए। यो मिसनको तयारी २०१५ मा औपचारिक रूपमा सुरु




गरिएको थियो र नौ वर्षको मेहनतपछि १४ अक्टोबर २०२४ मा सफलतापूर्वक प्रक्षेपण गरियो। यस अवधिमा वैज्ञानिक टोलीले जटिल उपकरणहरू निर्माण र परीक्षण गर्दै, जुपिटरतर्फको यात्रा योजना र मार्गको विस्तृत तयारी गरे। मिसनले एआई प्रविधि प्रयोग गरेर डेटा प्रशोधन र नेभिगेसनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ, जसले जुपिटरको खतरनाक विकिरणबाट सुरक्षित उडान सुनिश्चित गर्छ।

युरोपा क्लिपर अन्तरिक्षयानले हाइड्राजिन-आधारित इन्धन प्रयोग गर्छ। हाइड्राजिन अन्तरिक्षयात्राका लागि विश्वसनीय इन्धन हो, विशेषगरी गहिरो अन्तरिक्षमा यानको मार्ग परिवर्तन र नियन्त्रणका लागि। यो मिसनका लागि लगभग छ हजार पाउन्ड (दुई हजार ७५० किलोग्राम) इन्धन यानका ट्याङ्कहरूमा भण्डारण गरिएको छ, जसमा हिलियम प्रेसरन्ट पनि छ, जसले इन्धन प्रवाहलाई व्यवस्थापन गर्नेछ। यस इन्धनको मद्दतले युरोपा क्लिपरले मङ्गल र पृथ्वीबाट गुरुत्वीय सहायता लिंदै, जुपिटरको कक्षसम्मको यात्रा पूरा गर्नेछ। हाइड्राजिन थ्रस्टरहरूले मार्ग सुधार र मिसनका दौरान वैज्ञानिक उपकरणहरूको सही दिशामा नियन्त्रण गर्न मद्दत गर्नेछन्।

युरोपा क्लिपर मिसनको एउटा प्रमुख लक्ष्य युरोपामा जीवनको सम्भावना खोज्नु हो। युरोपा, जुपिटरको मुख्य चन्द्रमाहरू मध्ये एक, सतहमुनि लुकेको नुनिलो महासागरले ढाकिएको छ। वैज्ञानिकहरूले यो महासागरमा पृथ्वीभन्दा बढी पानी रहेको अनुमान गरेका छन्। वैज्ञानिकहरूले जुपिटरको यस चन्द्रमामा बरफमुनि रहेको महासागरमा जीवनका लागि आवश्यक तत्वहरू–पानी, रासायनिक यौगिकहरू र ऊर्जा स्रोत–मौजूद हुनसक्ने अनुमान गरेका छन्। यो मिसनको उद्देश्य युरोपाको वातावरण अध्ययन गरी हाम्रो ब्रह्माण्डमा हामी एक्लै छौं कि छैनौं भन्ने प्रश्नको जवाफ खोज्नु पनि हो। यदि जीवनको लागि अनुकूल अवस्था फेला परेमा, यसले पृथ्वीबाहेक अन्य ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना पुष्टि गर्न मार्ग प्रशस्त गर्नेछ। यो मिसनले मानव सभ्यताले ब्रह्माण्डमा आफ्नो स्थान र जीवनको अर्थबारेको बुझाइमा परिवर्तन ल्याउने आशा गरिएको छ।

यस मिसनको मुख्य उपकरणहरूमा आइस-पेनेट्रेटिङ राडार, थर्मल इमेजिङ प्रणाली, र अल्ट्राभायोलेट स्पेक्ट्रोस्कोप समावेश छन्। यानले युरोपाको सतहमुनि लुकेको पानी र पानीका फोहोराहरूको खोजी गर्दै जीवनको संकेत अध्ययन गर्नेछ। एआई प्रणालीहरूले सतहका तस्वीरहरू र अन्य वैज्ञानिक डेटा विश्लेषण गरी महत्त्वपूर्ण सूचनाहरू छान्ने र स्वचालित रूपमा मिसनको मार्गदर्शन गर्नेछ।

सौर्य ऊर्जा प्रयोग गर्ने यो यानमा १०० फिट लामो सोलार प्यानल जडान गरिएको छ, जसले जुपिटरको कमजोर घामबाट पनि पर्याप्त ऊर्जा सङ्कलन गर्न मद्दत गर्नेछ। रेडिएसन-प्रतिरोधी प्रविधिको प्रयोग गरेर, यानका उपकरणहरूलाई जुपिटरको विकिरणबाट सुरक्षित राखिनेछ।

एआई प्रणालीहरूले मिसनमा सङ्कलन गरिएको डेटा पृथ्वीमा पठाउनु अघि प्राथमिकता निर्धारण र संकुचन गर्नेछन्, जसले अनावश्यक जानकारी हटाएर वैज्ञानिकहरूले तुरुन्तै उपयोग गर्न मिल्ने महत्त्वपूर्ण तथ्यहरू फेला पार्न सकून्। यस प्रकारको कुशलता मानव अनुगमनबिना पनि अन्तरिक्षमा अनुसन्धान गर्न सक्षम हुनेछ। यो मिसनले भविष्यमा पृथ्वीबाहेकका ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना खोज्न थप प्रेरणा दिनेछ। यदि युरोपामा जीवन पत्ता लाग्यो भने यो केवल विज्ञानको विजय नभई सम्पूर्ण मानव जातिका लागि ऐतिहासिक उपलब्धि हुनेछ। एआई र अन्तरिक्ष प्रविधिको यस्तो प्रयोगले अन्तरिक्ष अन्वेषणको क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउनेछ।

नेपालजस्तो देशका लागि, यस्तो एआई प्रविधि केवल प्रेरणाको स्रोत मात्र नभई देशको प्राविधिक विकासका लागि दिशानिर्देशक पनि हो। यो प्रविधि दुर्गम क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन, ग्रामीण क्षेत्रमा कृषिको उत्पादनशक्ति बढाउन र विपद् व्यवस्थापनका लागि भविष्यवाणी प्रणाली निर्माण गर्न प्रयोग गर्न सकिन्छ। एआई प्रविधि प्रयोग गरेर नेपालले आफ्नो वैज्ञानिक अनुसन्धानमा मात्र नभई, जीवनस्तर सुधार्नका लागि पनि महत्वपूर्ण योगदान गर्न सक्छ। भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ। जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ।

युरोपामा जीवनको सम्भावना खोज्ने नासाको प्रयासले भविष्यमा पृथ्वीबाहेक अन्य ग्रहहरूमा मानव जीवनको सम्भावनालाई उजागर गर्न सक्छ। नेपालजस्ता देशहरूले पनि यस्ता प्रविधिबाट प्रेरित भई आफ्नो अनुसन्धान र विकासलाई सशक्त बनाउन सक्छन्। एआईले मानव सभ्यताको सम्भावनालाई मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा जीवनको परिकल्पनालाई नयाँ उचाइमा पुऱ्याउनेछ। यसले नेपाललाई विश्वस्तरको अनुसन्धान र अन्तरिक्ष प्रविधिमा सहभागी गराउन मद्दत पुऱ्याउनेछ।

युरोपा क्लिपर मिसन नासाको मात्र नभई सम्पूर्ण मानवताको अन्तरिक्ष यात्रामा एक महत्वपूर्ण कोसेढुङ्गा बन्नेछ। यो मिसनले विज्ञान र प्रविधिमा नयाँ क्रान्ति ल्याउँदै भविष्यका अन्तरिक्ष अन्वेषणहरूलाई प्रेरित गर्नेछ, जसले हामीलाई "हामी एक्ला छौं कि छैनौं ?" भन्ने प्रश्नको उत्तर खोज्न थप नजिक पुऱ्याउनेछ।रासस

# नेपालमा होटल तथा रेस्टुराँको संख्या एक लाख ४२ हजार

काठमाण्डु। नेपालमा हाल सञ्चालनमा रहेका आवास तथा भोजन सेवासँग सम्बन्धित प्रतिष्ठानको संख्या करिब डेढ लाख हाराहारी देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार सार्वजनिक गरेको राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण २०८०भ्र प्रतिवेदनअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानको सङ्ख्या एक लाख ४२ हजार दुई सय २३ छ।

सबैभन्दा धेरै बागमती प्रदेशमा ५२ हजार एक सय २३ वटा होटल तथा रेस्टुरेन्ट रहेका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा सात हजार एक सय १० रहेको छ। त्यस्तै, कोशीमा २५ हजार आठ सय ८७, मदेशमा ११ हजार सात सय ४०, गण्डकीमा १६ हजार नौ सय ७६, लुम्बिनीमा २० हजार एक सय ५८ र सुदूरपश्चिममा आठ हजार दुई सय २८ छ।

अध्ययन प्रतिवेदनअनुसार यस्ता प्रतिष्ठानमा संलग्न व्यक्तिको सङ्ख्या तीन लाख ८७ हजार सात सय ४७ रहेको छ। यो होटल तथा रेस्टुरेन्ट व्यवसायमा रहेका व्यवसायी तथा साझेदार, वेतलबी पारिवारिक सदस्य र तलबी रोजगार व्यक्तिको संख्या हो ।यो क्षेत्रबाट प्रत्यक्ष रोजगार पाएका व्यक्तिको संख्या एक



लाख छ हजार चार सय ५९ छ। होटल तथा रेस्टुरेन्टले कर्मचारीको वार्षिक तलब, ज्याला तथा सुविधामा रू २० अर्ब ६१ करोड ५० लाख खर्च गर्ने गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा करिब रू दुई खर्व १६ अर्ब ७३ करोड ८३ लाख बराबर लागत रहेको र करिब रु तीन खर्ब २६ अर्ब एक करोड चार लाख मूल्य बराबरको सेवा उत्पादन गरेको प्रतिवेदनमा उल्लेख छ। यसअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानले नेपालको अर्थतन्त्रमा करिब रु एक खर्व नौ अर्ब २७ करोड एक लाख बराबरको मूल्य अभिवृद्धि (भ्यालु एड) गरेको देखिन्छ।

अध्ययन प्रतिवेदनअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा करिब रु पाँच खर्ब ४३ अर्ब २५ करोड ८२ लाख मूल्य बराबरको स्थायी सम्पत्ति रहेको देखिएको छ ।यस्ता प्रतिष्ठानमध्ये करिब २८ दशमलव चार प्रतिशतले वित्तिय संस्थासँग ऋण लिएको देखिन्छ भने ७१ दशमलव छ प्रतिशत प्रतिष्ठानको ऋण नलिएको देखिएको छ। कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी डा हेमराज रेग्मीका अनुसार यो सर्वेक्षणमा आवास तथा भोजन व्यवसायसँग सम्बन्धित तारे होटल, रिसोर्ट, गैर तारे होटल, होमस्टेलगायतको अवस्था अध्ययन गरिएको थियो।

होटलमा रहेको कोठाको संख्या एक लाख १६ हजार एक सय रहेको छ। जसमध्ये स्टार होटलमा आठ हजार चार सय ९६ कोठा, गैर तारे होटल तथा लजमा एक लाख ७५, रिसोर्टमा तीन हजार आठ सय २९ र होमस्टेमा तीन हजार सात सय कोठा रहेको यो अध्ययनले देखाएको छ ।हाल नेपालमा सञ्चालित होटल तथा लजले एकैपटक २२ लाख ३४ हजार आठ स्य ५२ जनालाई सेवा दिनसक्ने पनि अध्ययनमा उल्लेख छ ।रासस

# नेप्सेमा पछिल्लो तीन महिनायताकै न्यून कारोबार

काठमाण्डु। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो तीन महिनायताकै न्यून कारोबार देखिएको छ।

बुधबार नेप्से परिसूचक पाँच दशमलव १० अङ्कले बढेर दुई हजार पाँच सय ८१ दशमलव ६० को बिन्दुमा पुग्दा कारोबार रकम भने साढे तीन अर्ब हाराहारीमा खुम्चिएको हो। बुधबार तीन सय नौ कम्पनीको ९४ लाख ३४ हजार नौ कित्ता शेयर ४३ हजार सात सय २९ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ५९ करोड ७४ लाख ४५ हजार तीन सय ३४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। यो कारोबार रकम गत असोज अन्तिम सातायताकै न्यून हो।

मङ्गलबारको कारोबारमा उच्च गिरावट देखिएको वित्त समूह बुधबार सम्हालिएर उच्च वृद्धि देखिएको छ। वित्त समूह तीन दशमलव ८७, विकास बैंक एक दशमलव ६८ र जलविद्युत् समूह एक दशमलव २४ प्रतिशतले बढेको छ।

त्यस्तै, होटल तथा पर्यटन शून्य दशमलव ९५, लगानी शून्य दशमलव शून्य नौ, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, निर्जीवन बिमा शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव ६३ प्रतिशतले बढको छ।

अरु समूहको उपसूचकमा भने गिरावट देखिएको छ। बैंकिङ शून्य दशमलव ७२, जीवन बिमा शून्य




दशमलव शून्य छ, लघुवित्त शून्य दशमलव १६, म्युचुअल फन्ड शून्य दशमलव १७ र अन्य समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको हो।

त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा बुधबार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २१ करोड ८२ लाख १७ हजार तीन सय ४९ बराबरको शेयर खरिदबिक्री भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सन्राइज ब्लुचिप फण्डको १७ लाख ३४ हजार पाँच सय ८९ कित्ता शेयर किनबेच भएको छ ।रासस

# अंग्रेजी नयाँ वर्षमा सार्वजनिक विदा

**टुडे समाचारदाता**

राजविराज। अंग्रेजी नयाँ वर्षको अवसरमा सप्तरीको महादेवा गाउँपालिकाले बुधबार सार्वजनिक विदा दिएको छ।

बुधबारदेखि सुरु भएको ई.सं. २०२५ को अवसरमा गाउँपालिका कार्यालय, मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा बिदा दिइएको पालिका अध्यक्ष सुनिलकुमार मण्डलले जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

अध्यक्ष मण्डलले नै




सूचना जारी गरेर बिदा दिएपछि स्वीकार्नु परेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकिशोर साहले जनाएका छन्।

## तपाईंको आज

पण्डित : ब्रम जी

**ज्योतिष-मार्गदर्शन**

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अंग्रेजी नयाँ वर्ष २०२५ को अवसरमा जानकी मन्दिरमा दर्शन गर्न आउने श्रद्धालुहरुको भिड । *तस्बिरः संजय कुमार यादव*

# ‘पर्सामा असुरक्षित गर्भपतन बढ्यो’

वीरगञ्ज । जिल्लामा गर्भपतनका औषधि खुलमखुला बिक्री हुँदा असुरक्षित गर्भपतनका घटना नियन्त्रण गर्न चुनौती थपिएको छ । सीमावर्ती सहर रक्सौलसँग जोडिएकाले पनि गर्भपतनका औषधि छ्यापछ्याप्पी पाइँदा नियन्त्रण गर्न समस्या भइरहेको स्वास्थकर्मीले बताएका छन् ।

नारायणी अस्पतालका स्त्री तथा प्रसूति रोग विभागका प्रमुख डा सुरेन्द्रप्रसाद चौधरीले सीमावर्ती सहरसँग जोडिएकाले पनि असुरक्षित गर्भपतनका गतिविधिलाई नियन्त्रण गर्न जटिलता थपिँदै गइरहेको बताउनुभयो । “गर्भपतन गराउने औषधि बेचबिखन र खरिद गर्ने दुवैलाई अनुगमनको दायरामा ल्याउन जरुरी भइसकेको छ”, उहाँले भन्नुभयो, “अनुमतिप्राप्त स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाबाट मात्र सुरक्षित गर्भपतन गराउन जरुरी हुन्छ । सो हुनसकेको खण्डमा मात्र यसको प्रभावकारिता बढ्ने थियो ।” उहाँले सामाजिक कारणले गर्दा पनि समाजमा लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने प्रवृत्ति बढिरहेको गुनासो गर्नुभयो ।

स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले गर्भपतनलाई परिवार नियोजनको अस्थायी साधनका रूपमा लिन नहुने बताउनुभयो । “भ्रूणको लिङ्गको पहिचान गरेर गर्भपतन गराउनु कानुनी रूपमा अपराध हो”, उहाँले भन्नुभयो, “अनुमतिपत्र स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले भ्रूणको लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने कार्यलाई निरुत्साहित गर्न जरुरी भइसकेको छ ।”

असुरक्षित ढङ्गले गर्भपतन गराउनेको सङ्ख्या उच्च भएकाले पनि स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भपतन गराउनेको सङ्ख्या भने जिल्लामा निकै कम छ । स्वास्थ्य कार्यालयका अनुसार

> वीरगञ्ज महानगरमा आर्थिक वर्ष २०८०/८१ मा २० वर्षमुनिका १२ हप्तासम्मको गर्भ रहेका २३ जना महिलाले मेडिकल औषधिमार्फत सुरक्षित गर्भपतन गराएका थिए ।

आर्थिक वर्ष २०८०/८१ मा २० वर्ष मुनिका १२ हप्तासम्मको गर्भ रहेका महिलामध्ये ३१ जनाले मात्र औषधिमार्फत सुरक्षित गर्भपतन गराएका छन् । त्यसैगरी सोही उमेर समूहका १२ हप्तासम्मको गर्भ रहेका ९१ महिलाले सर्जिकलमार्फत गर्भपतन गराएका छन् ।

आव २०८०/८१ मा २० वर्षमाथिका १२ हप्तामाथिको गर्भ रहेका महिलाले मेडिकल औषधिमार्फत पाँच सय ३१ जनाले गर्भपतन गराएका छन् । यस्तै, २० वर्षमाथिका १२ हप्ताभन्दा माथिको गर्भ रहेका नौ सय ७३ जनाले सर्जिकलमार्फत सुरक्षित गर्भपतन गराएका छन् ।

नारायणी अस्पतालका नर्सिङ निरीक्षक हेमा थापाले असुरक्षित स्वास्थ्य संस्थामा गर्भपतन गराउँदा जटिलता देखिएपछि मात्र ठूला सरकारी अस्पतालमा गर्भपतनको उपचार गराउन आउने अनुभव सुनाउनुभयो । “सुविधासम्पन्न सरकारी अस्पतालमा भरसक गर्भपतन गराउन आउनै चाहँदैनन्”, उहाँले भन्नुभयो, “गर्भपतन गराउँदा ठूलो खालको समस्या आएर ज्यान नै जाने अवस्थामा पुगेपछि मात्रै आउने गरेका छन् । त्यसैले सरकारी स्वास्थ्य संस्थामा सुरक्षित र जरुरी भइसकेको छ ।”

सामान्यतया गर्भमा रहेको १४ हप्तापछि गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्न सकिने गर्छ । दश हप्तासम्मको गर्भपतन अनुमति प्राप्त स्वास्थ्य संस्थाबाट औषधिको माध्यमबाट गर्न सकिन्छ भने १२ हप्तासम्मको गर्भपतन दक्ष स्वास्थ्यकर्मी तथा चिकित्सकमार्फत गर्नुपर्ने हुन्छ ।

वीरगञ्ज महानगरपालिका स्वास्थ्य जनस्वास्थ्य प्रवर्द्धन शाखाका अधिकृत इन्दिरा लोहनीले सरकारी स्वास्थ्य संस्थामा गोपनीयता कम हुने भन्दै थोरै सङ्ख्यामा मात्रै सुरक्षित गर्भपन गराउन आउने बताउनुभयो । “बिरामीले सरकारी स्वास्थ्य संस्थामा गोपनीयता कम हुन्छ भन्ने जुन भ्रमको कारणले आइरहनुभएको छैन । त्यसलाई चिर्न जरुरी भइसकेको छ”, उहाँले भन्नुभयो, “बिरामीको



गोपनीयतालाई पनि ख्याल गरिने भएकाले ढुक्क भएर आउन अनुरोध गर्छौं ।”

नर्सिङ निरीक्षक थापाले भ्रूणको लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने परिपाटी नरोक्ने हो भने आगामी २० वर्षपछि छोराको लागि बुहारी खोज्नको लागि दाइजो दिनुपर्ने प्रथा हुने आँकलन गर्नुभयो । “छोरा पाउनुपर्छ भन्ने गलत मानसिकताको कारणले पनि लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने प्रवृत्ति बढ्दो छ”, उहाँले भन्नुभयो, “यस्तो प्रवृत्ति मौलाएको खण्डमा समाजमा छोराको विवाह गर्नका लागि बुहारी खोज्न निकै ठूलो समस्या हुने देखिन्छ । सोतर्फ ध्यान दिन गोपनीयतालाई हामीले उच्च ध्यान दिँदै आइराखेका छौं ।”

वीरगञ्ज महानगरभित्र सुरक्षित गर्भपतन गराउने निकायमा नारायणी अस्पताल, मेरी स्टोप्स, ओम हस्पिटल र बगही प्राथमिक स्वास्थ्य केन्द्र छ । वीरगञ्ज महानगरमा आर्थिक वर्ष २०८०/८१ मा २० वर्षमुनिका १२ हप्तासम्मको गर्भ रहेका २३ जना महिलाले मेडिकल औषधिमार्फत सुरक्षित गर्भपतन गराएका थिए । त्यस्तै सोही अवधिमा २० वर्ष मुनिका १२ हप्तासम्मका गर्भ रहेका ९१ जना महिलाले सर्जिकलमार्फत गर्भपतन गराएका थिए ।

आव २०८०/८१ मा वीरगञ्ज महानगरमा २० वर्षभन्दा माथिका उमेर समूहका दुई सय ४५ जना महिलाले १२ हप्तामाथिका गर्भवतीले मेडिकल औषधिमार्फत सुरक्षित गर्भपतन गराएका छन् । त्यस्तै २० वर्षभर्षभन्दा माथिका नौ सय ७३ जना महिलाले १२ हप्ताभन्दा धेरै समयको गर्भ सर्जिकलमार्फत सुरक्षित गर्भपतन गराएका थिए ।रासस

# मधेस प्रदेशमा विकास बजेट खर्च सुस्त

जनकपुरधाम । दोस्रो त्रैमासिक बित्ने बेला हुनलाग्दा समेत मधेस प्रदेश सरकारको विकासे बजेट खर्च निराशाजनक रहेको छ । कुनै पनि आर्थिक वर्षमा प्रदेश सरकारले सन्तोषजनक रूपमा बजेट खर्च गर्न सकेको अवस्था देखिएको छैन । सङ्घीय सरकारले आवश्यकताअनुसार बजेट उपलब्ध नगराएको गुनासो गर्ने प्रदेश सरकारले संघीय सरकारकै अनुदानलाई आधार मानेर बनाएको बजेट खर्च गर्ने क्षमताको भने विकास गर्न सकेको छैन ।




चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिना बित्दा समेत विकासे बजेट खर्च अति कै न्यून रहेको छ । मधेस सरकारले चालुतर्फ रु १६ अर्ब ७ लाख र पुँजीगततर्फ रु २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार गरी चालु आवमा रु ४३ अर्ब ८९ करोड २१ लाख ७० हजारको बजेट ल्याएको थियो । पहिलो त्रैमासिकमा कुल पुँजीगत बजेटको ०.०५ प्रतिशत मात्र खर्च भएको प्रदेश तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार पाँच महिनाको तथ्याङ्कमा खर्चको अवस्था हेर्दा अर्थ र वन तथा वातावरण मन्त्रालयबाहेक अन्य मन्त्रालय र निकायको बजेट एक प्रतिशत पनि खर्च हुन सकेको देखिएको छैन । अर्थ मन्त्रालयको पुँजीगत बजेट ६.०४ प्रतिशत र वन तथा वातावरणको १.४४ प्रतिशत खर्च भएको छ । सबैभन्दा बढी रु १२ अर्ब ६८ करोड ९० लाख ११ हजार पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले रु दुई करोड २८ लाख ४० हजार दुई सय १९ मात्र खर्च गरेको छ । यो मन्त्रालयको कुल पुँजीगत खर्चको ०.१८ प्रतिशत मात्र हो ।

यस्तै रु चार अर्ब ७४ करोड पुँजीगत बजेट विनियोजन भएको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले पाँच महिना अवधिमा रु चार करोड ५९ लाख ७८ हजार अर्थात ०.९७ प्रतिशत विकास बजेट खर्च गरेको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको रु दुई अर्ब २४ करोड ४७ लाख सात हजार बजेट रहेकामा रु एक करोड ९० लाख ८० हजार नौ अर्थात् ०.८५ प्रतिशत खर्च भएको छ ।

वन मन्त्रालयको रु एक अर्ब १५ करोड ३६ लाख ५४ हजार पुँजीगत बजेट रहेकोमा रु एक करोड ६६ लाख १२ हजार छ सय १७ अर्थात् १.४४ प्रतिशत खर्च गरेको छ । श्रम तथा यातायात मन्त्रालयको रु ३४ करोड ९५ लाख ३५ हजार पुँजीगत बजेट रहेकामा रु २९ लाख ३६ हजार ९४ रुपैयाँ खर्च गरेको छ । यो यस मन्त्रालयको कुल पुँजीगत बजेटको ०.८४ प्रतिशत मात्र हो ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा पुँजीगततर्फ रु दुई अर्ब ६४ करोड २४ लाख बजेट रहेकोमा मात्र रु सात लाख ९२ हजार सात सय २० रुपैयाँ अर्थात् ०.०३ प्रतिशत खर्च गरेको छ । शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रु एक अर्ब ७५ करोड ८० लाख २० हजार पुँजीगत बजेट रहेकामा रु एक करोड पाँच लाख ४८ हजार एक सय २० अर्थात ०.६० प्रतिशत खर्च गरेको छ ।

यसैगरी गृह, सञ्चार तथा कानुन मन्त्रालयको पुँजीगत बजेट ०.०८ प्रतिशत छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुँजीगत बजेट खर्च शून्य छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पुँजीगत खर्च ०.४५ प्रतिशतमात्र छ । अन्य निकायको अवस्था पनि यस्तै नाजुक छ ।

विकासे बजेटले गति लिन नसक्नुको प्रमुख कारण मधेस सरकारको चालु आवको बजेट वक्तव्य र अर्को खर्च मार्गदर्शन रहेको बताइएको छ । प्रदेश सरकारको आव २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं २१ मा प्रदेश सरकार आयोजनाहरूको कार्यान्वयन गर्दा खुल्ला एवं प्रतिस्पर्धात्मक खरिद विधिको अवलम्बन हुने गरी व्यवस्था मिलाइने र लाभग्राही एवं नागरिकको आयोजनाप्रति स्वामित्व र अपनत्व सिर्जना गर्न पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचलान गरिने उल्लेख गरिएको छ ।

त्यस्तै बजेट वक्तव्यको बुँदा नं १४७ मा प्रदेश सरकारअन्तर्गतका निकायहरूले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरू खुला एवं प्रतिस्पर्धी खरिद विधिअनुसार गरिने तथा स-साना सार्वजनिक निर्माण कार्य गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्ने नीति लिइने र नागरिकको आयोजनाप्रतिको स्वामित्व, अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिने व्यवस्था गरिएको छ ।

विगतमा मधेस सरकारको बहुसङ्ख्यक योजनाका काम उपभोक्ता समितिबाट हुने र त्यसक्रममा आयोजना किनबेच हुने गरेको व्यापक जनगुनासो आएपछि यस किसिमको व्यवस्था मुख्यमन्त्री सिंह नेतृत्वको सरकारले ल्याएको हो ।

बजेट वक्तव्यको १४७ र नीति तथा कार्यक्रमको बुँदा नं २१ कार्यान्वयन गर्न अर्थ मन्त्रालयले ४ साउनमा जारी गरेको ६४ बुँदे मार्गदर्शनको ४० नम्बर बुँदामा १६ शीर्षकमा बजेट खर्च गर्न सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने भनिएको थियो ।

यस बुँदालाई आधार बनाएर अर्थ मन्त्रालयले कात्तिक अन्तिम सातासम्म मन्त्रालयका पुँजीगत बजेट पिएलएमबीआइएसमा लक गरेको थियो । सो मार्गदर्शनको बाधा फुकाउन अर्थ मन्त्रालयमा नयाँ सचिवका रूपमा रामकुमार महतो आएपछि १४ मङ्सिरमा उक्त मार्गदर्शन नै खारेज गरे र नयाँ चारबुँदे मार्गदर्शन जारी गरेको छ । “चारबुँदे खर्च मार्गदर्शन जारी गरी बजेट खुला गरिसकेको छ । अब बजेट परिचालन गर्ने निकायलाई कुनै बाधा छैन । प्रचलित नियम कानुनबमोजिम बजेट खर्च गर्न नियकायहरू स्वतन्त्र छन्”, अर्थसचिव रामकुमार महतो भन्नुहुन्छ ।

यता मधेस प्रदेश सरकारको योजना प्रतिस्पर्धी खरिद विधि र उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने विषयमा गठबन्धन दल पनि विभाजित भएका छन् । योजना खरिद बिक्री हुने र अनियमितता नियन्त्रण गर्न विनियोजन विधेयकमा प्रतिस्पर्धा विधिबाट योजना सञ्चालन गर्ने उल्लेख गरिएको र अहिले दलका नेताहरूले उपभोक्ता समितिबाट योजना सञ्चालन गर्नुपर्ने अडान राखेको जनमत पार्टी संसदीय दलका नेता महेश यादवले बताउनुभयो ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले विगतमा झैं उपभोक्ता समितिमार्फत नै योजना सञ्चालन गर्नसके चाँडै काम हुने भएकाले आफूहरुको माग रहेको बताउनुभयो ।

नेकपा (एमाले)की प्रदेश सांसद शारदादेवी थापाले प्रदेश सरकारको योजना सञ्चालन गर्न ढिलाइ भएकाले समयमै काम सम्पन गर्न उपभोक्ता समितिबाटै योजना सञ्चालन गर्ने संसदीय दलभित्र सहमति भएको बताउनुभयो ।रासस

# समितिद्वारा तरकारी र फलफूलको मूल्य निर्धारण

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले बुधबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।



समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । आज आलु रातो प्रतिकेजी रु ५५, आलु रातो (भारतीय) प्रतिकेजी रु ४४, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु १३०, गाजर (तराई) प्रतिकेजी रु १२०, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु ३०, बन्दा (नरिवल) प्रतिकेजी रु ३५, काउली स्थानीय प्रतिकेजी रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ६०, काउली तराई प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ४०, मूला सेतो (लोकल) प्रतिकेजी रु ४०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ५०, भन्टा लाम्चो प्रतिकेजी रु ५०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ ।


यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु १५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ८०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ८०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ९०, टाटे सिमी प्रतिकेजी रु ६०, तिते करेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ६०, परवर (लोकल) प्रतिकेजी रु ८०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ६०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु ३०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी १००, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १००, स्कूस प्रतिकेजी रु ३५, रायो साग प्रतिकेजी रु ३०, पालुङ्गो साग प्रतिकेजी ९०, चमसुरको साग, रु ९०, तोरीको साग प्रतिकेजी रु ५०, मेथीको साग प्रतिकेजी रु ९०, प्याज हरियो प्रतिकेजी रु ७०, बकुला प्रतिकेजी रु ९०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ४०० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ४०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ७०, जिरीको साग प्रतिकेजी रु १००, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले ( प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु १००, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ ।रासस

# भारतीय पर्यटकले ठोरी खचाखच

वीरगञ्ज । ग्रेगोरी पात्रोअनुसार इस्वी वर्षको पहिलो महिनाको पहिलो दिन आज ठोरी भारतीय पर्यटकले खचाखच भरिएको छ । ठोरीमा छिमेकी मुलुक भारतका साथै स्वदेशी पर्यटकको आगमन बढेको छ । ठोरी जङ्गल रिसोर्टका सञ्चालक धिर सिंहले नयाँ वर्षका अवसरमा भारतीय पर्यटकले ठोरीका होटल खचाखच भरिएका बताउनुभयो ।

“भारतीय पहुनाको आगमन बढेसँगै हामीलाई भ्याइनभ्याई छ”, उहाँले भन्नुभयो, “ठोरीका अधिकांश होटल भरिएका छन् ।” पछिल्लो समय ठोरी बाह्रैमास व्यापार हुने पर्यटकीय गन्तव्य बनेको छ । भारतीय मात्र होइन, पर्सा आसपासका स्वदेशी पर्यटक पनि ठोरी आउने गरेका छन् । ठोरीमा राईधारा, सेतो पहाड, गोलेडाँडा, रातो पहाड, सिनेही पहाड, ‘स्टोनपार्क’, रानीवन, अमृतधारा, चिसापानी, सीतागुफा, वनशक्ति



मन्दिर, बाघमोर्चा मन्दिर, सिकारीबासलगायत करिब ५० पर्यटकीयस्थल छन् ।

सुवर्णपुरमा मधेश प्रदेशको पहिलो घरबास (होमस्टे) सञ्चालनमा छ ।

ठोरी गाउँपालिका-२ स्थित भ्युटावरबाट सूर्योदय र सूर्यास्त हेर्न धेरै पर्यटक जाने गरेका छन् । पर्यटकको आगमन बढेसँगै त्यहाँ होटल र रेष्टुरेन्ट पनि खुल्न थालेका छन् । हाल त्यहाँ छवटा स्तरीय होटल तथा रेष्टरेष्ट सञ्चालनमा छन् । ठोरी तीनवटा राष्ट्रिय निकुञ्जको सङ्गमस्थल हो । वन्यजन्तु तथा वनस्पतिको अवलोकन गर्न प्रकृतिप्रेमी पर्यटक पनि त्यहाँ जाने गरेका छन् ।

भारतको सीमावर्ती सहर जमुनिया, नरकटियागञ्ज, रामनगर, रक्सौल, सुगौली, मुजफ्फरपुर र पटनालगायत सहरबाट पर्यटक ठोरी आउने गरेका पर्यटन व्यवसायी सिंहले बताउनुभयो ।औपचारिक रूपमा नेपाल आउने भारतीय पर्यटकको सङ्ख्या नगण्य छ । अध्यागमन कार्यालयका अनुसार सन् २०२४ मा वीरगञ्ज नाकाबाट दुई हजार ८६ जना पर्यटक नेपाल भित्रिएका छन् । सन् २०२३ मा दुई हजार ४१ जना पर्यटक आएका थिए ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगञ्जका अध्यक्ष हरि पन्तले नयाँ वर्षमा वीरगञ्ज बजार क्षेत्रका ५० भन्दा बढी होटलमा ६० प्रतिशतको हाराहारीमा अतिथि बस्ने गरेका छन् । ठोरीमा मात्र होइन, वीरगञ्ज महानगरभित्र पर्ने सीमावर्ती रक्सौलसँगै जोडिएको शङ्कराचार्य द्वार, गहवामाई मन्दिर, घडीअर्वा पोखरी, पशुपतिनाथ मन्दिर, विन्दवासिनीलगायत धार्मिकस्थलमा पनि भारतीय र स्वदेशी पर्यटक जाने गरेका छन् ।

महानगरबाट नजिक रहेको ऐतिहासिक पर्सागढीमा पनि स्वदेशी पर्यटक आउने गरेका छन् । पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले नयाँ वर्षमा पर्सागढीमा पनि उल्लेख्य मात्रामा आन्तरिक पर्यटक आउने गरेका बताउनुभयो ।

उहाँले भन्नुभयो, “स्थानीय पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्न जरुरी छ”, यही पुस १९ गते गढीमा दुई सय १०औं विजय महोत्सव मनाइने भएकाले त्यसमा स्वदेशी पर्यटकको आगमन बढ्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### कांग्रेस, एमाले मकृविवि डुबाउने मतियार

मधेश प्रदेशको गौरव गर्ने सिमित योजनाहरु मध्येको मधेश कृषि विश्वविद्यालयलाई जनमत पार्टीका नेताहरुले व्यक्तिगत इर्ष्याले डुबाउन लागेका छन् । त्यसको मतियार नेपाली कांग्रेस, नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल पनि बनेको छ । मधेश कृषि विश्वविद्यालय डुबाउन दुई थरीले काम गरिरहेका छन् । पहिलो जनमत पार्टीका अध्यक्ष सीके राउत र मुख्यमन्त्री सतीश कुमार सिंहले विश्वविद्यालय भवनको शिलान्यास गर्न नपाएको इर्ष्याले डुबाउन लागेका छन् । दोस्रो नीति आयोगका उपाध्यक्ष सोहन साहले आफ्नो निजी कलेज चलाउने स्वार्थबाट ओतप्रोत भएर विश्वविद्यालय डुबाउन लागेका हुन् । उनले खोलेको कलेजमा अध्यापन हुने विद्या र कृषि विश्वविद्यालयले पठाउने विद्या एकै रहेकाले साहको कलेज फस्टाउन समस्या देखिएपछि विश्वविद्यालयलाई नै धराशायी बनाउन लागिपरेका छन् । त्यसमा उनी धेरै हद सम्म सफल पनि भएका छन् । नेकपा माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता भरत प्रसाद साहले चालु आर्थिक वर्षका लागि ल्याएको बजेटमा कृषि विश्वविद्यालयका लागि १० लाख मात्र बजेट विनियोजन गरे । मधेश विश्वविद्यालय वीरगञ्जका लागिपनि उनले १० लाख रुपैयाँ नै बजेट छुट्ट्याएका थिए । क्रान्तिकारी भाषण गर्ने जनमत पार्टीले सरकारको नेतृत्व पाएपछि मधेश प्रदेशमा भ्रष्टाचार, कमिसन, शिक्षा, स्वास्थ्यलाई ध्वस्त बनाउने कामलाई तिव्रता दिएको छ । मधेश कृषि विश्वविद्यालयको सभामा सोहन साहले सबै मर्यादा पार गरी अध्यक्षता गरिरहेकी शिक्षा तथा संस्कृति मन्त्री रानी  कुमारी तिवारीमाथि मुख्यमन्त्रीबाट दबाब दिलाएर घरमै बनाएका प्रस्ताव स्वीकृत गराउने दुष्प्रयास गरे ।उनले चाहेको प्रस्ताव स्वीकृत नहुँदा सभा नै स्थगन गराए । स्थापनाको ४ वर्ष भित्रै आफ्नै जग्गामा भवन निर्माणाधिन, तेस्रो शैक्षिक सत्र सञ्चालन गर्ने मधेश कृषि विश्वविद्यालयको प्रगतिबाट सरकार उत्साहित भएर थप बजेट दिनुपर्नेमा इर्ष्याले ग्रसित मुख्यमन्त्रीले धराशायी बनाउन लाग्दा सत्ता साझेदार कांग्रेस र एमाले मौन समर्थन गरिरहेका छन् । ६ महिनादेखि विश्वविद्यालयका पदाधिकारी र कर्मचारीहरुले तलब, सुविधा पाएका छैनन् । पठनपाठन ठप्प भएको छ । भवन निर्माणको कार्य पूर्ण रुपमा रोकिएको छ । शैक्षिक कलेण्डर अनुसारको कार्यक्रमहरु अगाडी बढन सकेको छैन । मुख्यमन्त्री सिंहको सबै क्रियाकलापबाट अवगत रहे पनि कांग्रेस र एमालेका मन्त्री र नेताहरु मौन समर्थन दिएर विश्वविद्यालयलाई डुबाउन लागेका छन् । विश्वविद्यालय जोगाउन सरकारको साथ नै छाड्न परे पनि कांग्रेस र एमाले अग्रसर हुनुपर्ने बखत मतियार बनेर आफ्नो निरिहिता प्रकट गरिरहेका छन् । मधेश कृषि विश्वविद्यालय जोगाउन सप्तरीका मात्र नभै मधेश प्रदेशका प्रबुद्ध वर्ग, नागरिक अगुवा, समाजिक , राजनीतिकर्मी, युवाहरु जाग्नुपर्ने भएको छ । व्यक्तिगत इर्ष्या र स्वार्थले बृहत जनहितको योजनालाई धराशायी बनाउने सरकार विरुद्ध सत्ता बाहिरका दलहरुपनि एकजुट भएर आवाज उठाउन आवश्यक छ ।

# आजको सन्दर्भमा बीपीको ‘राष्ट्रिय एकता र मेलमिलाप’ नीति



शिव लम्साल

आफूमाथि मृत्युदण्डका आठ-आठवटा मुद्दा चलिरहँदा पनि स्वदेश फर्कने निर्णय गरेर जननेता बीपी कोइरालाले साहसको उच्च उदाहरण प्रस्तुत गरेका थिए । आफ्नो ज्यानको समेत पर्वाह नगरी २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर बीपी स्वदेश फर्केपछि बीपीलाई ‘भारतीय विस्तारवादको दलाल’ भन्ने कम्युनिस्टहरूको मुखमा बुजो मात्र लागेन, उनलाई ‘अराष्ट्रिय तत्त्व’ भन्ने पञ्चहरूको पनि बोली बन्द भयो ।

करिब आठ वर्ष लामो निर्वासित जीवन त्याग्दै बीपीसँगै गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थी लगायत नेता-कार्यकर्ता स्वदेश फर्किएको दिनलाई कांग्रेसजनले ‘राष्ट्रिय एकता तथा मेलमिलाप दिवस’का रूपमा मनाउँदै आएका छन् । प्रश्न उठछ, के आज पनि बीपीको यो नीतिको सान्दर्भिकता छ ? पक्कै छ र सदा रहनेछ ।

बीपीले उतिबेला मेलमिलापको नीति लिनुको तत्कालीन सन्दर्भ बेग्लै थियो, मेलमिलापको औचित्य भने अहिले पनि उत्तिकै छ । बीपीले त्योबेला जारी गरेको अपीलका यी अंश आज पनि सान्दर्भिक छन्, ‘राष्ट्रिय संकटको घडीमा हामी सबैले बितेका अप्रिय विवाद, अनुभव र मतभिन्नतालाई बिर्सेर र समाप्त गरेर एकताको सूत्रमा बाँधिनुपर्छ । राष्ट्र रहेन भने हामी रहन्नौं भन्ने भावनाले प्रेरित हाम्रो कार्यक्रम हुनुपर्छ । मलाई थाहा छैन, देश फर्केर गएपछि म कुन परिस्थितिमा हुनेछु । यस वक्तव्यद्वारा म नेपाली कांग्रेसको अध्यक्षको हैसियतले सारा देशवासीलाई अपिल गर्न चाहन्छु कि राष्ट्रको रक्षा देशको उन्नति, जनताको सुख र समृद्धिको पुनित कार्यमा हामी सबै एकमत भएर लागौं । मैले अवसर पाएका खण्डमा महाराजाधिराजका समक्ष पनि आफूलाई लागेका कुरा राख्नेछु । राष्ट्रलाई बचाउने जिम्मेवारी सबैको साझा जिम्मेवारी हो ।’

बीपीले उतिबेला राष्ट्रिय संकटमा देशका आन्तरिक शक्तिहरूको मेलमिलापको नीति अघि सार्नु सच्चा देशभक्त नेताको कर्तव्य पनि थियो । राजनीतिक जानकारका अनुसार त्योबेला नेपालमा कम्युनिस्ट प्रभाव विस्तार हुँदै गइरहेको थियो । अधिनायकवादमा विश्वास राख्ने कम्युनिस्टहरूको प्रभाव नेपालमा बढ्दै जानु बीपीजस्ता लोकतन्त्रवादी नेताका हकमा चिन्ताको विषय थियो । निर्वासनमा रहँदा यो कुराले बीपीको मन पोलिरहेको थियो । किनकि दरबारमा तात्कालीन राजा वीरेन्द्रको वरीपरी रसियन लबीका कम्युनिस्टहरूको दबदबा बढेको बीपीलाई हेक्का थियो ।

बीपीले भनेका थिए, ‘राष्ट्रिय संकटको घडीमा हामी सबैले बितेका अप्रिय विवाद, अनुभव र मतभिन्नतालाई बिर्सेर र समाप्त गरेर एकताको सूत्रमा बाँधिनुपर्छ । राष्ट्र रहेन भने हामी रहन्नौं भन्ने भावनाले प्रेरित हाम्रो कार्यक्रम हुनुपर्छ । मलाई थाहा छैन, देश फर्केर गएपछि म कुन परिस्थितिमा हुनेछु ।’

छिमेकी भारतमा सिक्किमको विलयले नेपाल लगायत दक्षिण एसियाका साना मुलुकहरूको अस्तित्वमाथि संकटका बादल मडारिइरहेका थिए । रुसको ‘ब्याक सपोर्ट’मा भारतमा इन्दिरा गान्धीले थोपरेको आपतकालको निरंकुश दबदबा थियो । इन्दिराका कट्टर विरोधी समाजवादी नेता जयप्रकाश नारायण र राममनोहर लोहियासँग निकट सम्बन्ध रहेका बीपीलाई भारतमै बसेर गतिविधि गर्न पनि अप्ठेरो परिरहेको थियो ।

यस्तो अवस्थामा विश्व परिवेश, रुसको कित्तामा रहेको भारतको क्षेत्रीय रणनीति अनि नेपालको सत्ता र राजनीतिमा रसियन लबीकै कम्युनिस्ट वर्चस्वबाट राष्ट्रिय अस्मिता र सार्वभौमसत्ता संकटमा पर्ने खतरा देखेपछि बीपी ज्यानकै जोखिम मोलेर स्वदेश फर्किएका थिए । ‘देश बचाउन राजा र जनता मिल्नुपर्छ’ भन्ने बीपीको नितान्त देशभक्तिपूर्ण चातुर्यकै प्रतिफल २०३६ सालमा जनमत संग्रह र २०४६ सालमा बहुदलको आगमन सम्भव भयो । नेपाली राजनीतिका यी दुवै घटना राजा र जनता (दलहरू)को एकतामा सम्भव भएको यहाँ स्मरणीय छ ।

अहिले नेपाली राजनीतिको शक्ति सन्तुलन बदलिएको छ । दश वर्षे सशस्त्र संघर्ष र २०६२/०६३ को जन-आन्दोलनबाट अढाई सय वर्ष पुरानो राजतन्त्रको अन्त्य भइसकेको छ । संविधानसभामार्फत निर्मित नयाँ संघीय लोकतान्त्रिक गणतान्त्रात्मक संविधानको परिधिभित्र नेपालका करिब-करिब सम्पूर्ण शक्ति गोलबन्द भएको अहिलेको अवस्था हो । नयाँ संविधान राष्ट्रिय सहमतिको दस्तावेज भइसकेकाले मुलुकमा राजनीतिक विवादले भन्दा आर्थिक क्रान्तिको बहसले प्रधानता पाएको अवस्था हो ।

नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको उग्र वामपन्थी पार्टीदेखि राजेन्द्र लिङ्देनको उग्रदक्षिणपन्थी राप्रपासम्म, सिके राउतको ‘अलग मधेश देश’को माग गर्ने विखण्डनवादी दलदेखि थारु नेता रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीसम्म अनि संघीयताविरोधी राष्ट्रिय जनमोर्चादेखि अहिलेको व्यवस्था नै मन नपराउने मोहनविक्रम सिंहसम्मको पार्टीले नेपालको संविधान-२०७२ लाई मानेर आफ्ना राजनीतिक गतिविधि गरिरहेका छन् । अतः हाललाई नेपालमा राजनीतिक प्रणाली र पद्धतिगत हिसाबले संघीय लोकतान्त्रिक गणतन्त्र सर्वसम्मतिको व्यवस्थाका रूपमा अभ्यासमा छ ।



राजनीतिक क्रान्ति सम्पन्न भएर आर्थिक क्रान्तिको दिशामा अग्रसर नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि राष्ट्रिय एकता तथा मेलमिलापको औचित्य झन् प्रबल र व्यापक भएर गएको छ । पहिलो त शान्ति प्रक्रियाकै बाँकी कार्यभार सम्पन्न गर्नुपर्ने चुनौती छ, जुन अभिभाराले राष्ट्रिय मेलमिलाप खोज्छ । टीआरसी विधेयकको मजबुन भनेकै एकता र मेलमिलापका लागि द्वन्द्वकालमा भएका गतिविधिको न्यायिक निरूपण हो । द्वन्द्वमा सहभागी कुनै पनि पक्षले आफू अन्यायमा परिरहेको महसुस गर्दासम्म देशमा राष्ट्रिय एकता र मेलमिलापको वातावरण बन्न सक्दैन र त्यसले झन् नयाँ खालको द्वन्द्व सिर्जना गर्छ । अतः राजनीतिक दलहरूले द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनामा मेलमिलापको मर्मलाई आत्मसात गर्दै संसदबाट पारित टीआरसी विधेयकको कार्यान्वयनलाई प्राथमिकता दिनु अपरिहार्य छ ।

मेलमिलापको मर्मभित्र पर्ने अर्को महत्त्वपूर्ण पाटो हो जातीय, धार्मिक र क्षेत्रीय सद्भावको बढोत्तरी । राज्य पुनः संरचना र शासकीय स्वरूप निर्धारणका क्रममा माओवादीले ‘आत्मनिर्णयको अधिकारसहित जातीय राज्य’को नारा दिएको थियो । सामाजिक सद्भाव र एकताको संवेदनशीलता बुझेरै दलहरूले जातीय राज्यको मागलाई स्वीकार गरेनन् र पहिला स्थापित असल परम्परालाई नै निरन्तरता दिए । किनकि भनाइ नै छ, सबै पुराना नराम्रा हुँदैनन्, सबै नयाँ राम्रा हुँदैनन् ।

यसरी संघीय संरचना निर्धारण गर्ने क्रममा विगतमा बाँडिएका सपना पूरा नहुँदा केही तप्कामा निराशा छाएको हुन सक्छ । मधेसी, जनजाति, दलित, उत्पीडित र सीमान्तकृत समुदायलाई राष्ट्रिय मूलधारामा समेट्दै संविधानप्रति अपनत्व भाव जगाउन पनि संविधानमा यथोचित संशोधन देशले खोजेको छ । सबै पक्षको सहमतिमा संविधान संशोधन हुन सकेको खण्डमा पनि राष्ट्रिय एकता र मेलमिलापको वातावरण अझ प्रगाढ बन्न सक्छ भन्नेतर्फ सत्तारुढ दल नेपाली कांग्रेस र एमालेले कहिले ध्यान दिने ? यो सत्ता गठबन्धनको मुख्य एजेन्डा नै संविधान संशोधन भएको सन्दर्भमा एकता र मेलमिलाप खातिर संविधान संशोधनमा अब विलम्ब नगरौं ।

दल, नागरिक समाज, मिडिया र सचेत जनताको पंक्तिले पनि जातीय, धार्मिक र क्षेत्रीय आधारमा समाजमा विभेद, विभाजन र विखण्डन चर्किन नदिन सतर्कता, सजगता र सुझबुझ अपनाउनुपर्ने देखिन्छ । चाहे त्यो पहाडे मधेसीको भेद होस्, चाहे खस ब्राह्मण र अन्य जनजाति बिचको विभाजनको प्रयास नै किन नहोस्, त्यसलाई रोक्न पनि एकता र मेलमिलापकै अवधारणाको खाँचो छ ।

बीपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीतिले देशका आन्तरिक शक्तिहरूबिचको एकताको पक्षपोषण गरेको थियो ।

अहिले पनि देशका आन्तरिक शक्तिहरू बिचको एकता र मेलमिलाप टड्कारो देखिन्छ । वैश्विक परिवेश, आर्थिक मन्दी, कोरोना कहर, रुस-युक्रेन युद्धका कारण नेपालको आर्थिक अस्तित्व नै संकटमा छ । महाशक्ति राष्ट्रहरूबिचको रस्साकस्सीमा नेपालले आफूलाई जोगाउँदै आर्थिक उन्नतिको बाटो पक्रिने चुनौती छ । नेपालका आन्तरिक शक्तिहरूबिच वैश्विक परिवेशमा राष्ट्रिय सहमतिमा आधारित परराष्ट्र नीति खड्किएको छ ।

सरकार परिवर्तनसँगै कोही उत्तरतिर र कोही दक्षिणतिर ढल्किने कूटनीतिका कारण नेपालको अस्तित्वमाथि नै संकट उत्पन्न हुन सक्ने खतरा छ । नेपालले राष्ट्रिय हितलाई प्राथमिकतामा राख्दै, शक्ति राष्ट्र र छिमेकीसँग सन्तुलन कायम गर्दै, युद्ध र द्वन्द्वका अनेक सन्दर्भमा ‘सेफ जोन’ रणनीतिमा रहँदै कूटनीतिक सम्बन्धलाई अघि बढाउनुपर्छ । राष्ट्रिय सहमतिमा आधारित परराष्ट्र नीति तर्जुमा गर्न पनि अहिले देशभित्रका सम्पूर्ण शक्तिहरू एकता र मेलमिलापको नीतिमा गोलबन्द हुनु वाञ्छनीय छ ।

‘एकता र मेलमिलाप’ शब्दले व्यापक क्षेत्र ओगट्छ । राष्ट्रिय एकताका लागि दलभित्रको एकता, दलहरूबिचको एकता, संसदमा एकता, समाजमा एकता, परिवारमा एकता, समुदायमा एकता र समग्रमा एकत्व भावको खाँचो पर्छ । हाम्रो हिन्दु धार्मिक दर्शनले पनि ‘वसुधैव कुटुम्बकम्’ भन्दै एकत्व भाव नै दर्शाउँछ । ‘अहम् ब्रह्मास्मी’ बोधले पनि समभाव प्रकट गर्छ । एकता र मेलमिलापको सौन्दर्य धर्मदेखि अध्यात्मसम्म, देशदेखि परदेशसम्म अनि आकाशदेखि धर्तीसम्म व्याप्त भएको सन्दर्भमा एकता र मेलमिलापको भावना जागृत गर्नेतर्फ किन देशका अग्र दलहरू पछि परेका हुन् र केवल फुट, विभाजन, निम्न स्तरको गाली-गलौज र कटु कटाक्षमै रुमलिएका हुन् ?

एकातिर हामी राष्ट्रिय एकता तथा मेलमिलाप दिवस त मनाइरहेका छौं, तर यो दिवस मनाउने दलभित्रै एकता र मेलमिलापको अभाव छ । नेपाली कांग्रेसभित्र नेतापिच्छे गुट छन् । संस्थापन पक्षको आफ्नै सुर छ । ‘संस्थापन इतर’ भन्नेहरूको पनि आफ्नै धुन छ । रोचक त के भने ‘संस्थापन पक्ष’ भन्नेहरूबिच पनि एकता छैन, ‘संस्थापन इतर’ भन्नेहरूका मुख पनि चारतिर फर्किएका छन् ।


यो गुटतन्त्रले लोकतन्त्रलाई भित्रभित्रै धमिराले झैं खाइसक्दा पनि पार्टीभित्र एकता र मेलमिलापको वातावरण बनाउने पहल कतैबाट भइरहेको देखिँदैन । १५औं महाधिवेशन र देशको मौजुदा संकटका सन्दर्भलाई समेत जोडेर हेर्दा यतिखेर नेपाली कांग्रेसभित्र एकता र मेलमिलापको सबैभन्दा बढी खाँचो छ । राष्ट्रिय एकता तथा मेलमिलाप दिवसले नेपाली कांग्रेसभित्र नयाँ विचार, चुस्त संगठन र सिंगो देश हाँक्न सक्ने ऊर्जासहितको नेतृत्व चयनका खातिर एकता र मेलमिलापको नयाँ परम्परा प्रारम्भ होस् भन्ने कामना गरौं ।

एकता र मेलमिलापको अर्को पाटो झनै महत्त्वपूर्ण छ । यो देशमा आफूलाई परिवर्तनका संवाहक, क्रान्तिकारी, अग्रगामी भन्ने शक्तिहरू मात्र होइन, राजतन्त्र पुनःस्थापनाको माग गर्ने परम्परावादी (कन्जर्भेटिभ) शक्तिहरू पनि छन् । संसारमा जहाँ पनि ‘रिभोलुसनरी’, ‘डेमोक्रेटिक’ र ‘कन्जर्भेटिभ’ शक्तिहरूबिच रस्साकस्सी चलिरहन्छ । नेपालमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरूकै बोलबाला होला, तर राजावादीजस्ता कन्जर्भेटिभ शक्तिहरू पनि छन् । राजनीतिक अस्थिरता रोक्न ‘कन्जर्भेटिभ फोर्स’ मात्र होइन, ‘रिभोलुसनरी फोर्स’लाई पनि सन्तुलनमा ल्याउनुपर्ने हुन्छ । सह-अस्तित्व, सौहार्दता र समावेशिताकै जगमा यस्ता शक्ति र समूहहरूलाई एकता र मेलमिलापको सूत्रमा बाँध्न सकेको खण्डमा ‘नेपाली जन मात्रलाई राष्ट्रिय एकताको सूत्रमा बाँध्ने काम राजाको श्रीपेचमुनि भएको थियो’ भन्नेहरू पनि आफैं सेलाउनेछन् ।

अतः जननेता बीपी कोइरालाले २०३३ मा तात्कालीन सन्दर्भमा अघि सार्नुभएको राष्ट्रिय एकता तथा मेलमिलाप नीति सार्वकालिक दर्शन भएकाले यो नीतिको व्यापक र विराट पक्षलाई अंगीकार गर्दै समाजका हरेक क्षेत्रमा एकता र मेलमिलाप जगेर्ना गर्न सक्नुपर्छ । पारिवारिक बेमेल, डिभोर्स, काटमार र कुटाकुट सामान्य बन्दै गएको आजको परिप्रेक्ष्यमा परिवार, विवाह संस्था र सम्बन्ध नै धाँजा फाटेझैं फाटिरहेका छन् । देशको बेथिति देखेर मानिसको मन फाटेको छ । बिदेसिनेको लर्को देखेर देशकै भविष्य फाटेझैं लाग्छ ।

गरिबी, आर्थिक अभावमाथि बढ्दो महँगीका कारण मानिसका चाहना ध्वस्त भएका छन् । यसले सम्बन्धहरूमै दरार उत्पन्न गरिरहेको छ । चौतर्फी बेमेल, अनेकता र रिस अनि राग द्वेशको माहोलमा एकता र मिलापको औचित्य झनै प्रखर भएको छ । देशदेखि परदेशसम्म, परिवारदेखि परमात्मासम्म, समाजदेखि सरकारसम्म, दलदेखि दरबारसम्मलाई एकता र मेलमिलापको सूत्रमा बाँध्ने बलियो धागो अपरिहार्य छ । त्यो धागो बीपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीति नै हो ।रातोपाटी

# २०४६ सालपछि कांग्रेस राजनीतिको अधोगति



प्रा.डा. राजेश गौतम

कांग्रेसभित्र २०४६ सालअघि नेताहरूको आआफ्नो समूह भए पनि तिनीहरूको दृष्टिकोण पार्टीलाई एक बनाउने थियो । पार्टी अनुशासनमा हिँड्ने थियो । अधिवेशन त त्यति बेला पनि तोकिएको बेलामा हुँदैनथ्यो । भए पनि अधिवेशनमाथि अनेकौं प्रश्न हुन्थे ।

जस्तोः वीरगन्जमा २०१२ माघमा भएको छैटौं महाधिवेशनमा विवाद देखियो । सुवर्ण शमशेरलाई अघि बढाइएको थियो । त्यसविरुद्ध गणेशमान सिंह उठ्नुभयो । उहाँलाई रोक्ने प्रयास भएकै हो । तर, गणेशमानले म उठेँ-उठेँ भन्नुभयो । तर, बीपी कोइरालाको अर्कै योजना भएर गणेशमान हार्नुभयो । त्यो आफ्नो ठाउँमा छ ।

बीपीको दृष्टिकोणमा सुवर्ण आउँदा आफूलाई जति सजिलो हुन्थ्यो भने गणेशमान आउँदा गाह्रो । किनभने, उहाँ एउटा समूहको मानिस हुनुभयो । काठमाडौंमा उहाँको प्रभाव थियो । त्यसकारण बीपीको प्रयास सुवर्णलाई जिताउने भयो ।

यद्यपि, सुवर्ण सही रूपबाट अघि बढ्न सक्नुभएन । पार्टीभित्र विरोध हुन थाल्यो । उहाँलाई विराटनगरमा गिरिजाप्रसाद कोइरालाको अगुवाइमा नराम्रो व्यवहार पनि गरियो । त्यसपछि सुवर्ण आउनुभयो । राजीनामा गर्नुभयो । अनि पुनः बीपी नै सभापति बन्नुभयो ।

गिरिजाप्रसादको नेतृत्व भइसकेपछि विवाद यथावत् थियो । विवादकै बाबजुद संगठनलाई बचाउनुपर्छ भन्ने दृष्टिकोणमा गणेशमान, कृष्णप्रसाद भट्टराईलागयत नेता रहनुभयो । एकप्रकार गिरिजाप्रसादको हालीमुहाली हुन पुग्यो । उहाँले पनि महाधिवेशन सारेकै हो ।

महाधिवेशन सार्नुका पछाडिको योजना भनेको आफू कसरी सफल हुने अनि आफ्नो प्रभावमा पार्ने भन्ने दृष्टिकोण नै हो । त्यो दृष्टिकोणबाट कांग्रेस अहिलेसम्म मुक्त हुन सकेको छैन । यसअघि शेरबहादुर देउवाले एक वर्ष नपुगेर संविधानकै धाराको प्रयोग गर्दै डेढ वर्ष महाधिवेशन पर सारेकै हो । यसको पछाडि पार्टी बलियो बनाउनेभन्दा पनि धेरै आफू कसरी सत्ता र शक्तिमा आउने भन्ने दृष्टिकोणलाई महत्त्व दिएर चलखेल भएको देखिन्छ ।

नेताहरू पार्टीलाई महत्त्व दिने पक्षमा देखिएनन् । पार्टीको नाममा राजनीति गर्नेचाहिँ भए । तर, पार्टीलाई बलियो र अनुशासित बनाउने भन्ने दृष्टिकोणबाट हिँडेको देखिँदैन ।

०४६ सालअघि भन्नेबित्तिकै बीपी र गणेशमानलाई बिर्सन सक्दैनौं । पहिला पनि समूह नहुने भन्ने थिएन । समूह हुन्थ्यो । गणेशमान, किसुनजीलगायत नेतालाई विश्वास गर्नेहरूको समूह हुन्थ्यो । तर, उहाँहरू कहिल्यै पनि फलानोलाई हराउनुपर्छ, फलानो समूहलाई ल्याउनुपर्छ भन्ने दृष्टिकोण लिएर हिँडेको इतिहास देखिँदैन ।

चाहे कृष्णप्रसाद वा गणेशमान वा सुवर्णको पक्षमा होस् । त्यस्तो किसिमको समूहगत देखिएन । सबैको उद्देश्य नै पार्टीभित्र नेतृत्व राम्रो ल्याउनुपर्छ भन्ने थियो । नेतृत्व जो आउँछ हामीलाई विश्वास गर्नुपर्छ भन्ने दृष्टिकोण थियो । यो बीपी, सुवर्ण, गणेशमान वा किसुनजीको मान्छे भन्ने एउटा भावना थियो होला । तर, यति हुँदाहुँदै पनि तिमी यसरी प्रचार गरेर हिँड भन्ने दृष्टिकोणचाहिँ रहेको देखिँदैन । त्यस बेला नेताहरूको दृष्टिकोण पार्टीमाथि हुन्थ्यो । कार्यकर्ताको पनि दृष्टिकोण पार्टी राम्रै बनाउनुपर्छ भन्ने थियो । आफ्नो सिद्धान्त र अनुशासनमा हिँड्नुपर्छ भन्ने थियो ।

२०४६ पछि कांग्रेसभित्र अधोगति सुरु भयो । पार्टीभित्र कुनै एक व्यक्तिलाई जिताउनै पर्छ भनेर हिँडेको देखिन्छ । त्यसका साथै पार्टीलाई बलियो बनाउनुपर्छ भन्ने समूह कमजोर हुँदै गएको देखिन्छ । पछिल्लो समय नेताहरू पार्टीलाई महत्त्व दिने पक्षमा देखिएनन् । पार्टीको नाममा राजनीति गर्नेचाहिँ भए । तर, पार्टीलाई बलियो र अनुशासित बनाउने भन्ने दृष्टिकोणबाट हिँडेको देखिँदैन ।

बीपीको समयमा सबै एक पार्टी थिए । अहिलेजस्तो विभाजन थिएन । बीपीले बोलेको कुरामा कसैले विरोध गर्दैनथे । कहिलेकाहीँ गणेशमानले विरोध गर्नुहुन्थ्यो । उहाँलाई बुझाएपछि मौन बस्नुहुन्थ्यो । सैद्धान्तिक रूपमा विवाद निकाल्ने व्यक्ति किशुनजी हुनुहुन्थ्यो । तर, उहाँले पार्टी बिग्रने कुरा र सैद्धान्तिक रूपमा कहिले पनि आफ्नो अभिव्यक्ति दिनुभएन । सभापतिले भनेको कुरा स्वीकार गर्नुभएकै हो । केही कुरामा उहाँको असहमति हुन्थ्यो । अभिव्यक्त गर्नुहुन्थ्यो । तर, पार्टीको कुरा स्वीकार गर्नुहुन्थ्यो । कांग्रेसभित्रको राजनीतिक ०४६ सालदेखि बिग्रियो । गिरिजाप्रसादको नेतृत्व आएपछि पार्टी बिग्रियो । पार्टी बिगार्ने एक नम्बरमा गिरिजाप्रसाद कोइराला हो । त्यसपछि शेरबहादुर देउवा हो । उहाँले पार्टी फुटाउने कामसम्म गर्नुभयो । पैसा र गाडी बाँड्नेजस्ता कुरा आयो ।

अहिले पार्टी एउटा छ । पार्टीभित्र चाहिँ धेरै पार्टी देखिए । कांग्रेस पार्टी एउटै हो र सबै जना कांग्रेस पार्टी भनेर हिँड्नुपर्ने हो । तर, त्यो किसिमको स्थितिचाहिँ देखिएन । अहिले शेरबहादुर भनेर हिँड्ने समूह देखियो । शेखर भनेर, गगन भनेर हिँड्ने देखियो । तर, विचार र सिद्धान्तलाई आधार बनाई पार्टीलाई एक बनाउनुपर्छ भन्ने समूह कमजोर हुँदै गएको छ । पार्टीको दृष्टिकोणलाई स्थापित गर्नुपर्छ र जनचाहनालाई महत्त्व दिनुपर्छ भन्ने समूह कमजोर हुँदै गएको भन्ने लाग्छ ।

### महाधिवेशनमा संशय

विधानअनुसार महाधिवेशन एक वर्षपछि आउँछ । अहिलेको स्थितिबाट हेर्दा एक वर्षभित्र महाधिवेशन हुन सक्छ भन्नेमा मलाई शंका लाग्छ । किनभने, पार्टी पूर्णरूपले विभाजित छ । समूह-समूहमा छ । जबसम्म यी सबै व्यक्तिको दृष्टिकोण एक ठाउँमा आएर महाधिवेशन समयमै गर्नुपर्छ भन्नेमा केन्द्रित हुन सक्दैन तबसम्म समयमा महाधिवेशन हुन्छ भन्ने लाग्दैन ।

जति खेर शेरबहादुरको पार्टी र मुख्य कांग्रेस मिलेर एकीकरण भयो त्यो एकीकरणबाटै पार्टीमा बलियो रूपबाट विभाजन स्थापित भएको छ । त्यस बेला शेरबहादुर पक्षलाई ४० र गिरिजाप्रसाद पक्षलाई ६० प्रतिशत भनेर विभाजन गरियो । त्यसको अन्त्य आजसम्म भएको छैन । जब कि पार्टी एकीकरण भइसकेपछि पनि थुप्रै महाधिवेशन भइसके । पार्टी विभाजन गरेर जाने शेरबहादुर नै एकीकरणपछि दुईपटक सभापति भइसक्नुभयो । यो बिन्दुमा आइपुग्दा पनि त्यो ६०-४० को अन्त्य हुन नसक्नु दुर्भाग्य हो । यसले सधैं पार्टी यहीं रूपबाट अघि बढ्ने संकेत देखिन्छ ।

यसको पछि पनि कारण छ । अस्तिसम्म शेखर पार्टी एक हुनुपर्छ, विभाजन हुनुहुँदैन भनेर अभियान लिएर केही समय हिँड्नुभयो । तर, उहाँले पनि ४०-६० को भागबन्डामा आवाज उठाउन थाल्नुभएको छ । यो बिन्दु रहिरहन्छ । जबसम्म यो रहिरहन्छ पार्टीचाहिँ एकीकृत हुन सक्दैन । महाधिवेशन भए पनि पार्टीमा ऊर्जा र नवीन विचार पनि ल्याउँदैन । यी समूहहरूको चर्को विभाजन पनि अन्त्य हुन सक्दैन ।

### देउवाको खोजी-‘एस म्यान’

पार्टीभित्र कसैले मानून् या नमानून्, शेरबहादुर शक्तिशाली र बलियो हुनुहुन्छ । सभापतिका सम्भावित उम्मेदवारमा ५-६ जनाको नाम सुन्छु ।

# ऊर्जा विकास मार्गचित्र मन्त्रिपरिषद्बाट स्वीकृत



काठमाण्डु । 'ऊर्जा विकास मार्गचित्र-२०८१' मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने बाटो खुला भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा पुस १६ गते मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको कार्ययोजना स्वीकृत गरेको हो। उक्त प्रस्ताव पास भएसँगै अब ठूला र नयाँ आयोजनामा लगानीका लागि सबै प्रकारका मोडलसमेत खुला भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्नका लागि बाटो खुला हुनेगरी विद्युत् आयोजनाका लागि सबै मोडल खुला गर्ने विषय कार्ययोजनामा राखिएको जानकारी दिनुभयो।

"लगानीकर्तालाई सहज बनाउने र स्वदेशीसहित विदेशी लगानीकर्तालाई लगानी गर्ने बाटो खुला गर्नेगरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेका थियौँ, उक्त प्रस्ताव पारित भएसँगै सरकारले जलविद्युत् क्षेत्रमार्फत राखेको 'समृद्ध नेपाल' को लक्ष्य पूरा हुनेछ", ऊर्जामन्त्री खड्काले भन्नुभयो।

उक्त मार्गचित्रले सरकारले बनाउने आयोजनालगायत आन्तरिक तथा बाह्य लगानी र सबै प्रारूपका जलविद्युत्हरूलाई अघि बढाउन मार्गप्रशस्त गरेको छ । मन्त्री खड्काले जुन मोडलमा जुन आयोजनामा लगानीकर्ता आउन चाहन्छन् राज्यलाई अधिकतम फाइदा हुनेगरी प्रक्रिया बढाउन अब बाटो खुला भएको बताउनुभयो।

सकेसम्म जनताको सहभागिता हुने र राज्यलाई अधिकतम फाइदा हुनेगरी एकैपटक आयोजना अगाडि बढाउन लागेको ऊर्जामन्त्री खड्काको भनाइ छ । सन् २०३५ सम्म मुलुकको ऊर्जा क्षेत्रको समग्र विकासका लागि ४६ दशमलव ५ अर्ब अमेरिकी डलर (६२ खर्ब ३१ अर्ब नेपाली रूपैयाँ) बराबरको लगानी गर्ने लक्ष्य राखिएको छ । लामो समयको छलफल र बहसपछि मन्त्रिपरिषद्बाट मार्गचित्र स्वीकृत कार्यविधि पास भएसँगै रोकिएर बसेका आयोजना धमाधम अगाडि बढाउन बाटो खुलेको छ।

मार्गचित्रमा जलविद्युत् आयोजना, प्रसारण वितरण तथा सबस्टेशनका लागि आवश्यकपर्ने लगानीको विस्तृत विवरणसमेत समेटिएको छ । आगामी १० वर्षमा छिमेकी मुलुक भारतमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौतासमेत भएको र सोबाहेक बङ्गलादेशलगायत अन्य छिमेकी देशहरूमा सन् २०३५ सम्म पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने योजना मार्गचित्रमा उल्लेख भएको मन्त्रालयले जनाएको छ।

सन् २०३५ सम्ममा मुलुकको कूल जडित विद्युत् क्षमता नै २८ हजार पाँच सय मेगावाट पुऱ्याउने लक्ष्य राखिएकामा हालसम्म करिब तीन हजार चार सय हाराहारीमा मात्र विद्युत् उत्पादन भएको छ । मन्त्री खड्काले आगामी दिनमा जलाशययुक्त आयोजनालाई प्राथमिकता साथ अगाडि बढाउने र निजी क्षेत्रलाई पनि सोहीअनुसार लगानी गर्न प्रोत्साहन गराउने गरी सरकारले नीति लिएको बताउनुभयो।

ऊर्जा क्षेत्रमा हुने लगानीमा सरकारी, निजी क्षेत्र एवं आम सर्वसाधारणकोसमेत हिस्सा रहनेछ । यस्तै, निजी क्षेत्र, सर्वसाधारण र वैदेशिक लगानीका अतिरिक्त गैरआवासीय नेपाली र वैदेशिक रोजगारीमा रहेका नेपालीको पुँजीलाई पनि उत्तिकै महत्त्व दिएर समावेश गरिनेगरी तय गरिएको छ।रासस

# नक्कली सुकुम्बासी बनेर लिएको जग्गा जफत र कारबाही : मन्त्री अधिकारी



काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले जग्गाधनी भएकै अवस्थामा सुकुम्बासी बनेर पुनः जग्गा लिनेमाथि जो कोहीमाथि कारबाही हुने स्पष्ट पार्नुभएको छ । प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा 'भूमि समस्या समाधान'सम्बन्धी छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले त्यस्तो व्यक्तिले सुकुम्बासीका नाममा प्राप्त गरेको जग्गा जफत गरी कारबाही गरिने बताउनुभयो।

"अहिले जग्गा जमिन कहाँ, कस्तो छ, सबै 'डिजिटलाइज प्रणाली'मा राख्ने काम भइरहेको छ, व्यक्तिको देशभर कति जग्गा छ भनेर निकाल्न सक्ने प्रविधिको विकास भएको छ", सुकुम्बासी पहिचानसम्बन्धी प्रक्रियाबारे जानकारी दिँदै मन्त्री अधिकारीले भन्नुभयो, "कुनै व्यक्तिले अन्त जग्गा भएर झुक्याएर आयोगबाट जग्गा लिएको रहेछ भने उक्त जग्गा जफत र कारबाही हुन्छ।" सरकारबाट जग्गा लिने र बिक्री गर्ने प्रवृत्ति अब अन्त्य गर्नुपर्ने उहाँको भनाइ थियो।

मन्त्री अधिकारीले सुकुम्बासी, भूमिहिन र अव्यवस्थित बसोबाससम्बन्धी समस्या समाधान गर्न भूमि समस्या समाधान आयोगले प्रक्रिया थालनी गरिसकेको स्पष्ट पार्नुभयो। "आयोग देशभरी बन्छ, तर त्यो आयोगको कार्य क्षेत्र र कार्यावधि फरक हुन्छ", उहाँले भन्नुभयो, "मन्त्रालयले आयोगको सीमा तोकिसकेको छ।"विगतका आयोगले गरेका कामलाई निरन्तरता दिँदै वितरण भएका लालपूर्जाको स्रेष्ता कायम गरी अघि बढिने उल्लेख गर्दै उहाँले जिल्ला आयोग गठन भएर काम थालनी भएपछि निश्चित अवधि थप गरेर मापदण्ड बनाइने र सो अवधिमा भरिएका फारमलाई अन्तिम मानिने बताउनुभयो।

"एक हजारभन्दा कम निवेदन परेको जिल्लाको हकमा एक वर्ष कार्यवधि तोकिनेछ, पाँच हजारसम्म दुई वर्ष र पाँच हजार भन्दा बढी निवेदन परेको जिल्लाको कार्यविधि तीन वर्ष कार्यावधि कायम गरिएको छ", मन्त्री अधिकारीले भन्नुभयो ।हालसम्म भूमि समस्या समाधान आयोगमा १० लाख ९६ हजार ६ सय ७९ भूमिहिनको संख्या प्रविष्ट भएको छ। त्यसमध्ये भूमिहीन दलितको संख्या ८७ हजार नौ सय ९५, भूमिहिन सुकुम्बासीको संख्या एक लाख ६६ हजार ६० र भूमिहिन अव्यवस्थितको संख्या आठ लाख ४२ हजार छ सय १५ रहेको छ । आयोगले हालसम्म चार हजार पाँच सय ८६ वटा पूर्जा वितरण गरिसकेको भने दुई लाख ५९ हजार ४० वटा कित्ता नाप नक्सा सम्पन्न भएको छ।

भूमि व्यवस्था मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले भूमि समस्या समाधानका लागि जिल्लास्तरीय आयोग गठन गर्ने प्रक्रिया अघि बढेको जानकारी दिनुभयो।

"आयोगलाई कर्मचारी व्यवस्थापनमा मन्त्रालय लागि परेको छ, चाँडै जिल्ला आयोग गठन गरेर कार्यप्रारम्भ गर्ने तयारी छ",उहाँले भन्नुभयो।

'सुकुम्बासी उत्पादन गर्ने मुहान नै बन्द गरौँ'


छलफलमा सांसद वीरबहादुर बलायरले सुकुम्बासी समस्याको दीर्घकालीन समस्या समाधान गर्न सुकुम्बासी उत्पादन हुने मुहान नै बन्द गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले वास्तविक सुकुम्बासी र भूमिहीनको पहिचान गरेर प्राथमिकताका आधारमा जग्गाको स्वामित्व दिइनुपर्ने धारणा राख्नुभयो।

सरस्वती सुब्बाले भूमिसम्बन्धी समस्या एकसाथ समाधान गर्न सबै जिल्लामा समिति गठन गरेर कार्यप्रारम्भ गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद भानुभक्त जोशीले शुक्लाफाँटा आरक्षबाट विस्थापित नागरिकको समस्या आयोगले समाधान गर्छ कि गर्दैन भनी प्रश्न गर्नुभयो।

सांसद मीना तामाङले भूमिहिन, सुकुम्बासी र भूमिहिन दलितको यथार्थ तथ्याङ्क सङ्कलन गरी प्राथमिकताका आधारमा जग्गा दिएर समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो। सांसद अमृतलाल राजवंशीले भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या दीर्घकालीन समस्या समाधान गर्न आयोग गम्भीर हुनुपर्ने बताउनुभयो ।रासस

# प्रत्येक वर्ष माघ १४ गते "सम्पत्ति शुद्धीकरण दिवस" मनाइने



काठमाण्डु । सरकारले प्रत्येक वर्ष माघ १४ गते 'सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस' मनाउने भएको छ । मङ्गलबार मन्त्रिपरिषद्ले गरेको निर्णयबारे आज जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरिएको जानकारी दिनुभयो।

त्यसैगरी प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ र पाँचखाल विशेष आर्थिक क्षेत्रलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा विकास तथा सञ्चालन गर्न स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय छ।

सरकारले फिलिपिन्समा आयोजना हुने 'फेस टु फेस मिटिङ' मा २०८१ साल पुस २८ देखि माघ २ गतेसम्म नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको नेतृत्वमा रहेको १३ सदस्यीय नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने र विशेष आर्थिक क्षेत्र प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा छत्रबहादुर कटुवाल (बाजुरा) लाई नियुक्त गर्ने पनि निर्णय गरेको छ।

"आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने आदेश जारी गर्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने र नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङलाई काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी, काठमाडौँमा सरूवा गर्ने निर्णय भएको छ", सरकारका प्रवक्ता गुरूङले भन्नुभयो।

सरकारको नाममा दर्ता रहेको बाजुरा जिल्ला बूढीगङ्गा नगरपालिका-६ को एक हजार ७२५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा बूढीगङ्गा नगरपालिकाको प्रशासकीय भवन निर्माणार्थ बूढीगङ्गा नगरपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

सरकारले जिल्ला समन्वय समिति कैलालीको नाममा दर्ता रहेको धनगढी उपमहानगरपालिका वडा नं १ को दुई हजार ७१८ वर्गमिटर जग्गा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापनाका लागि धनगढी उपमहानगरपालिका, कैलालीलाई उपयोग गर्न स्वीकृति दिएको छ । हिल्सा-सिमिकोट सडकको सल्लीसल्ला-सिमिकोट खण्डको कडा चट्टान रहेको आठ सय मिटर लम्बाइको सडक निर्माण र चुवा खोलामा बेलीबृज निर्माण कार्य नेपाली सेनाबाट गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई स्वीकृति दिइएको छ।

मन्त्रिपरिषद्ले राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्षमा ध्रुव आचार्य (रूपन्देही) लाई नियुक्त गर्ने र अप्पर देउमाई खोला साना जलविद्युत् आयोजना निर्माणका लागि इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका तथा देउमाई नगरपालिकामा रहेको राष्ट्रिय वनको ४ दशमलव ८२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने र कानेपोखरी गाउँपालिका मोरङको केन्द्र वडा नं ६ बयरवनलाई परिवर्तन गरी वडा नं ५ भौसाबारी कायम गर्नेसमेत निर्णय भएको प्रवक्ता गुरूङले जानकारी दिनुभयो।

कानेपोखरी गाउँपालिका मोरङको केन्द्र वडा नं ६ बयरवनलाई परिवर्तन गरी वडा नं ५ भौसाबारी कायम गर्ने, खानेपानी तथा सरसफाइ नियमावली, २०८१ स्वीकृत गर्ने, निकासी पैठारीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने र राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

प्रवक्ता गुरूङले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ स्वीकृत गर्ने ऊर्जा विकास मार्गचित्र, २०८१ स्वीकृत गर्ने र वाणिज्य नीति, २०८१ स्वीकृत गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी दिनुभयो ।रासस

# रगत निःशुल्क उपलब्ध गराउनुपर्छः महामन्त्री थापा

चितवन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले रगतको आवश्यकता पर्ने व्यक्तिका लागि निःशुल्क उपलब्ध गराउनुपर्ने बताउनुभएको छ । नेपाल रेडक्रस सोसाइटी नारायणगढ उपशाखाले बुधबार आयोजना गरेको बृहत् रक्तदान कार्यक्रममा उहाँले रगत दिनेले पनि निःशुल्क दिने भएकाले पाउनेले पनि निःशुल्क पाउनुपर्ने धारणा राख्नुभयो।

महामन्त्री थापाले भन्नुभयो, "रगत निःशुल्क हुनुपर्छ । अहिले बिरामीले रगतको पैसा तिरिरहनुभएको छ, त्यसलाई राज्यले छुट गर्नुपर्छ।" पूर्वस्वास्थ्यमन्त्रीसमेत रहनुभएका थापाले यस विषयमा स्वास्थ्य मन्त्रालयको ध्यान केन्द्रित गराउन आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। दानमध्येको ठूलो दान रक्तदान भएकाले कल्याणको भावनाले उत्प्रेरित भएर काम गर्नुपर्ने उहाँको भनाइ थियो।

सामाजिक काममध्येको महत्वपूर्ण र परोपकारी काम रक्तदान भएको भन्दै महामन्त्री थापाले गत दिने र लिनेबीच कुनै सम्बन्ध नहुँदा पनि सहयोग स्वरुप सम्बन्ध स्थापित हुने बताउनुभयो। उहाँले थप्नुभयो, "रक्तदान गर्नेलाई कसले प्रयोग गर्छ थाहा नहुने र लिनेले कसको रगत लियो त्यो पनि थाहा नहुने हुँदा रक्तदान पूण्यको काम हो।"

उपशाखा सभापति कृपा राजभण्डारीले रक्तदानको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो। सो अवसरमा नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, बागमती प्रदेशका प्रदेशसभा सदस्य उत्तम जोशी, भरतपुर महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारी, नेपाल रेडक्रस सोसाइटी चितवन शाखाका सभापति हरिप्रसाद पौडेललगायत व्यक्तको उपस्थिति थियो। रासस


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०९/१८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले लहान शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम :** श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लि.
**रजिष्टर्ड ठेगाना :** असनपुर -७, सिरहा।
**हालको ठेगाना :** गोलबजार नगरपालिका - ६, सिरहा **दर्ता नं:** ११८/२०६६/०६७

**संचालक तथा जमानीकर्ताको विवरण**

१) **नाम : नरेन्द्र कुमार सिंह कुशवाहा (अध्यक्ष जमानीकर्ता)**
बाबु : योगेन्द्र सिंह कोईरी
बाजे : बादैर महातो
ना प्र नं. : १५-२२७०७, सिरहा
ठेगाना : विष्णुपुर प्र.म.- ६, सिरहा (हालः गोलबजार-४)

२) **नाम : बैद्यनाथ शर्मा (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : रामपृत शर्मा
बाजे : राम कृपाल शर्मा
ना.प्र.नं : ३५५, सिरहा
ठेगाना : इटाटार-२, सिरहा (हालः गोलबजार-६)

३) **नाम : पशुपति महासेठ (सचिव जमानीकर्ता)**
बाबु : राम नारायण सुडी
बाजे : वासुदेव महासेठ
ना.प्र.नं : ८५, सिरहा
ठेगाना : औरही-४, सिरहा (हालः गोलबजार-४)

४) **नाम : दिपेन्द्र कुमार राउत (कोषध्यक्ष जमानीकर्ता)**
बाबु : सुर्य नारायण राउत
बाजे : सुबन्च राउत
ना.प्र.नं : १५३०४७/२१९, सिरहा
ठेगाना : असनपुर-७, सिरहा (हाल:गोलबजार-६, सिरहा)

५) **नाम : कल्याणी कुमारी साह (संचालक)**
बाबु : राम चन्द्र साह
पति : राम सिंगार साह तेली
ना.प्र.नं : ३७३९, सिरहा
ठेगाना : चन्द्रलालपुर-५, सिरहा (हाल:गोलबजार-४)

६) **नाम : गिता कुमारी चौधरी (संचालक)**
बाबु : किशोरी प्रसाद चौधरी
पति : रंजित कुमार जयसवाल
ना.प्र.नं : १५१०२२/१५६८, सिरहा
ठेगाना : धनगढी-७, सिरहा

७) **नाम : उतिमलाल राउत (संचालक)**
बाबु : सहदेव राउत सुडी
बाजे : किसुन राउत
ना.प्र.नं : ११३७, सिरहा
ठेगाना : धनगढी-८, सिरहा (हाल:गोलबजार-४, सिरहा)


**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री बादैर महतोको नाति श्री योगेन्द्र सिंह कोइरीको छोरा सिरहा जिल्ला विष्णुपुर प्र.म. वडा नं. ६ बस्ने श्री नरेन्द्र कुमार सिंह कुशवाहाको नाममा मालपोत कार्यालय लहान सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. २ ख को कित्ता नं.१७३ को क्षेत्रफल क्रमश ०-०-१६ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

२. श्री लालजी ठाकुर बडहीको नाति श्री उधोठाकुर बडहीको छोरा सिरहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ८ बस्ने श्री धनविर ठाकुर बडहीको नाममा मालपोत कार्यालय लहान सिरहामादर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ३ को कित्ता नं.३०१ को क्षेत्रफल ०-३-२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत

National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop


# 'स्थिर सरकारबाट मात्रै समृद्धि सम्भव'



दमौली । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले स्थिर सरकारबाट मात्रै समृद्धि सम्भव हुने बताउनुभएको छ।

यहाँको बन्दीपुर गाउँपालिकाले आयोजना गरेको बन्दीपुर भ्रमण वर्ष २०२५ को बुधबार शुभारम्भ गर्दै मन्त्री दाहालले वर्तमान सरकार आर्थिक समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गर्नुभयो । स्थिर सरकार नहुँदा मुलुक विकासमा पछाडि परेको बताउँदै उहाँले भन्नुभयो, "लामो समयसम्म सरकार टिक्न नसक्दा देशको विकास हुनसकेन । देशको विकास गर्न ठूला दल मिलेर सरकार बनाएका हौँ।" विकास, समृद्धि र स्थिरताका लागि वर्तमान सरकारले काम गरिरहेको बताउँदै उहाँले वर्तमान सरकार बनेपछि जनतामा आशा जागेको बताउनुभयो।

हालको आवश्यकता शिक्षा, स्वास्थ्यमा सबैको पहुँच वृद्धि, रोजगारीका अवसर सिर्जना, उत्पादनमा वृद्धि गर्नु रहेको र सरकार त्यो दिशामा रहेको उहाँले बताउनुभयो।

बन्दीपुर प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकाले यहाँको पर्यटनमार्फत आम्दानी गर्न उहाँले सुझाव दिनुभयो।

कार्यक्रममा राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, अशोककुमार श्रेष्ठ, पर्यटनविज्ञ हरिसिं गुरुङले बन्दीपुर भ्रमण वर्षले बन्दीपुरको मात्र नभइ समग्र तनहुँको पर्यटन प्रवर्द्धनमा सघाउने बताउनुभयो।

बन्दीपुरमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेकामा त्यसलाई दोब्बर बनाने लक्ष्यसहित भ्रमण वर्ष आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो। गाउँपालिकाभित्रका सबै वडाका पर्यटकीय गन्तव्यलाई प्रचारप्रसार गरिने उहाँले बताउनुभयो। रासस

# उच्च शिक्षालाई अनुसन्धान मुलुक बनाउनुपर्छ : शिक्षामन्त्री

काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउनुपर्नेमा जोड दिनुभएको छ। राष्ट्रियसभा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले शिक्षा मन्त्रालयका पदाधिकारीसँग गरिएको छलफलमा उहाँले अनुसन्धानमूलक र प्राविधिक शिक्षा आवश्यक रहेको बताउनुभयो। शिक्षामन्त्री भट्टराईले प्रविधि, प्राविधिक र प्राविधिक शिक्षा आवश्यक रहेको बताउनुभयो। उहाँले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमपरिषद् (सिटिइभिटी) को पुनःसंरचना गर्न थालिएको बताउनुभयो। उहाँले सिटिइभिटीलाई प्रदेशस्तरमा लैजाने तयारीसमेत गरिएको जानकारी दिनुभयो।

"सिटिइभिटीको पाठ्यक्रम र पुनःसंरचना गर्न आवश्यक छ। त्यही भएर हामीले कार्यदल गठन गरेका हौँ। अब कार्यदलले १० दिनभित्र प्रतिवेदन सार्वजनिक गर्नेछौँ", उहाँले भन्नुभयो, "सोही प्रतिवेदनका आधारमासिटिइभिटीलाईपुनःसंरचना गर्नेछौँ।"नवप्रवर्द्धनलाई बढाउन दिनका लागि छुट्टै कोषसमेत बनाउन थालिएको बताउँदै मन्त्री भट्टराईले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) लाई पनि नवप्रवर्द्धनको क्षेत्रमा काम गर्ने सक्ने बनाउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री भट्टराईले शिक्षासम्बन्धी बनेका नीति, ऐन कार्यान्वयनमा चुनौती रहेको भन्दै त्यसलाई कार्यान्वयनतर्फ लैजानुपर्ने बताउनुभयो। समिति बैठकमा समिति सदस्य मदनकुमारी शाहले पाठ्यक्रमलाई जीवनोपयोगी बनाउनुपर्नेमा जोड दिनुभयो। समिति सदस्य पद्मबहादुर परियारले विद्यालयको भवन राम्रो भए पनि बालबालिकाको पहुँच नभएको बताउनुभयो। समिति सदस्य युवराज शर्माले शिक्षक, विद्यार्थीलाई अनुशासनमा राख्नुपर्नेमा जोड दिनुभयो ।रासस

# चिनियाँले 'ह्याकिङ' गरेको अमेरिकी अर्थ मन्त्रालयको आरोप

बीबीसी

काठमाण्डु । अमेरिकी अधिकारीहरूले चिनियाँ राज्यद्वारा प्रायोजित एक ह्याकरले आफ्नो अर्थ मन्त्रालयको प्रणाली ह्याक गरेको आरोप लगाएका छन्।उनीहरूका अनुसार उक्त ह्याकरले अर्थ मन्त्रालयका कर्मचारीहरू काम गर्ने प्रणाली र केही गोप्य कागजातहरूमा पहुँच पाउन सफल भएको बताएका हुन्।उक्त घटना डिसेम्बर महिनाको सुरुमा भएको थियो।

अर्थ मन्त्रालयले सांसदहरूलाई घटनाबारे जानकारी दिन पत्र लेखेपछि त्यसबारे जानकारी सार्वजनिक भएको हो। अमेरिकी अर्थ मन्त्रालयले उक्त ह्याकिङलाई “ठूलो घटना“को रूपमा चित्रण गरेको छ। त्यसको प्रभावबारे सङ्घीय जाँच ब्यूरो एफबीआई र अन्य निकायहरूले अनुसन्धान गरिरहेको उसले जनाएको छ।

वाशिङ्टन डीसीस्थित चिनियाँ दूतावासका प्रवक्ताले बीबीसीसँग उक्त आरोपलाई खण्डन गर्दै त्यो अमेरिकाले जानाजान चिनियाँ प्रतिष्ठामा आँच पुऱ्याउन गरेको “कुनै पनि तथ्य र आधार विनाको“ सार्वजनिक आरोप बताएका छन्। अमेरिकी सांसदहरूलाई पठाएको पत्रमा अर्थ मन्त्रालयले चीनस्थित आक्रमणकारीले उक्त मन्त्रालयका कर्मचारीका निम्ति 'रिमोट टेक्निकल सर्भिस' अर्थात् कार्यालयमा उपस्थित नभईकन दिइने प्राविधिक सेवामार्फत् ह्याकिङ गर्न सफल भएको उल्लेख गरिएको छ।



उक्त प्राविधिक सेवा तेस्रो पक्षबाट लिइएको थियो र त्यसको साइबर सुरक्षा प्रणालीलाई ह्याकरले छल्न सफल भएको बताइएको छ।मन्त्रालयले 'वियोन्डट्रस्ट' नामक 'रिमोट टेक्निकल सर्भिस' लिइरहेको थियो। त्यसको सुरक्षा प्रणालीलाई ह्याकरले छल्न सफल भएपछि अहिले उक्त सेवा बन्द गरिएको जनाइएको छ।

त्यसपछि उक्त ह्याकरले अर्थ मन्त्रालयको प्रणालीमा पहुँच पाएको कुनै पनि जानकारी नभएको पनि पत्रमा खुलाइएको छ।एफबीआईसँगै मन्त्रालयले साइबर तथा पूर्वाधार सुरक्षासम्बन्धी निकायहरू र तेस्रो पक्षका साइबरसम्बन्धी फोरेन्सिक विज्ञहरूसँग मिलेर उक्त आक्रमणको समग्र प्रभावबारे जाँच गरिरहेको बताइएको छ।हालसम्म थाहा भएका प्रमाणका आधारमा चीनस्थित “एडभान्स्ड पर्सिस्टेन्ट थ्रेट“ अर्थात् एपीटीले उक्त ह्याकिङ गरेको देखिएको अधिकारीहरूले जनाएका छन्।

सांसद्हरूलाई लेखेको पत्रमा अर्थ मन्त्रालयका अधिकारीहरूले भनेका छन्, “ट्रेजरी नीतिअनुसार एपीटीको आक्रमणलाई एउटा प्रमुख साइबर सुरक्षासम्बन्धी घटना मानिन्छ।“गत डिसेम्बर ८ मा 'बियोन्डट्रस्ट'ले विभागलाई ह्याकिङबारे जानकारी गराएको एकजना प्रवक्ताले बीबीसीलाई बताए। उक्त कम्पनीका अनुसार डिसेम्बर २ मा पहिलो पटक कम्पनीले शंकास्पद गतिविधिबारे जानकारी पाएको थियो। तर उसलाई ह्याक भएको भन्ने पत्ता लगाउन तीन दिन लाग्यो।

ती प्रवक्ताका अनुसार ह्याकरले अर्थ मन्त्रालयका कैयौँ कर्मचारीहरूको काम गर्ने स्थानमा र ती कर्मचारीले राखेका केही त्यति धेरै गोप्य नभएका दस्तावेजहरूमा पहुँच पाएका थिए।अर्थ मन्त्रालयले अनधिकृत रूपमा ह्याकरले पहुँच प्राप्त गरेका दस्तावेजहरू कति गोप्य प्रकृतिका थिए र कति लामो समयदेखि ह्याकिङ भइरहेको थियो भनेर खुलाएको छैन।

बियोन्डट्रस्टका अनुसार ह्याकरहरूले शंकास्पद गतिविधि गरिएका ती तीन दिनमा नै एकाउन्टहरू बनाउन र पासवर्ड परिवर्तन गर्न सफल भएको जस्तो देखिएको छ।जासुसका रूपमा ह्याकरहरूले रकम चोरी गर्ने भन्दा पनि गोप्य सूचनाहरू प्राप्त गर्न खोजिरहेका थिए भन्ने ठानिएको छ। अर्थ मन्त्रालयका प्रवक्ताले “सबै खालका साइबर खतराहरू र आफूहरूले राखेका डेटाबारे एकदमै गम्भीर रूपमा लिइने“ बताएका छन्। उनले डेटाको सुरक्षाका लागि लगातार काम गरिरहेको पनि स्पष्ट पारे।

अर्थ मन्त्रालयले सांसदहरूलाई आगामी ३० दिनमा उक्त घटनाबारे विस्तृत प्रतिवेदन उपलब्ध गराउने पनि पत्रमा उल्लेख गरेको छ।अमेरिकास्थित चिनियाँ दूतावासका प्रवक्ता लिउ पेन्यूले अमेरिकी अर्थ मन्त्रालयको सार्वजनिक भएको उक्त विवरणलाई पूर्ण रूपमा अस्वीकार गरेका छन्। उनले ह्याकरहरू कहाँका थिए र उनीहरूको उत्पत्तिस्थल कहाँ थियो भन्ने पत्ता लगाउन निकै कठिन हुने जनाएका छन्।

“हामी के आशा गर्छौं भने सम्बन्धित पक्षहरूले साइबर घटनाको चित्रण गर्दा निराधार अनुमान र आरोपको सट्टा पर्याप्त प्रमाणका आधारमा उनीहरूको निष्कर्षमा आधारित व्यावसायिक र जिम्मेवार दृष्टिकोण अपनाउनेछन्,“ उनले भने। “अमेरिकाले चीनलाई बदनाम गर्न र निन्दा गर्नका लागि साइबर सुरक्षासम्बन्धी मामिला प्रयोग गर्न बन्द गर्नु आवश्यक छ र चिनियाँ ह्याकिङका धम्कीबारे सबै प्रकारको झूटा जानकारी फैलाउन बन्द गर्नुपर्छ।“

# मेलबर्नमा प्रतिष्पर्धा भए पनि कसरी हार्यो टीम इन्डिया ?




जनकपुरधाम ।

पाँच दिनको कठिन र रोचक क्रिकेटको बावजुद, टीम इन्डिया अन्ततः बक्सिङ डे टेस्टमा पराजित भयो।

सुरुका दुई दिनमा आयोजकले जसरी आफ्नो पकड बलियो बनाएको थियो र त्यसपछि पछिल्लो तीन दिनमा रोहित शर्माका साथीहरूले खेलेको आक्रामक शैलीले उनका फ्यानहरूलाई केही सन्तुष्टि दिन सक्छ, तर बोर्डर-गावस्कर ट्रफीमा फेरि टीम इन्डिया पराजित भयो। नेतृत्व लिने अवसर।पाँचौं दिनको सुरुमा पहिलो सत्रमा कप्तान रोहित शर्मा, केएल राहुल र विराट कोहलीले एकपछि अर्को गर्दै गर्दा टीम इन्डियाको स्कोर ३३ रन मात्र थियो।

रोहित शर्माले ९ रन र विराटले ५ रन बनाए। केएल राहुलले आफ्नो खाता पनि खोल्न सकेनन् भन्ने कुरा चियासम्म पुगेन । यसपछि पर्थ टेस्टमा शतक प्रहार गरेका यशस्वी जैसवालले दोस्रो इनिङ्समा पनि संयम र आक्रामकताको उत्कृष्ट संयोजन देखाए।

यसपटक दोस्रो सत्रमा उनले ऋषभ पन्तको साथ पाए। यी दुई खेलाडीले ८८ रनको मूल्यवान साझेदारी गरे तर त्यो भन्दा पनि अचम्मको कुरा के थियो भने दोस्रो सत्रमा खेलेको ३२ ओभरमा एक विकेट पनि खस्न दिएनन् ।

अब तेस्रो सत्रमा भारतले जितको बारेमा सोच्न पनि सक्छ भन्ने लाग्दा अस्ट्रेलियाका कप्तान प्याट कमिन्सले ट्राभिस हेडलाई पन्तको अगाडि राखेर पन्तलाई प्रलोभनमा पारेका थिए ।

अहिले सम्म पूरै भ्रमणमा पहिलो पटक आफ्नो प्रतिष्ठालाई न्याय गर्दै आएका पन्तले एक्कासी नियन्त्रण गुमाए र विकेट गुमाए।

पन्तको यो शटपछि पन्तले आफैंलाई नराम्रो श्राप दिनुभएको हुनुपर्छ, नब्बे दशकको टीम इन्डियाको याद ताजा भयो, जहाँ सबै आया राम र गयारामको रेखामा खेलिरहेको देखियो। अन्तिम सात विकेट जम्मा ३४ रनमा गुमाएको टीम इण्डियाले १८४ रनको लज्जास्पद हारको नतिजा यस खेलमा आफ्नो उत्कृष्ट प्रदर्शनको प्रतिबिम्ब नहोस् भनेर पछुताउनेछ। तर, भारतको पराजयको नतिजाबाट ध्यान हटाउने हो भने सोमबार मेलबर्न क्रिकेट मैदानमा मेलाको आयोजना गरिएजस्तो हुन्थ्यो ।

यदि तपाइँ आधुनिक समयमा टेस्ट क्रिकेटको उत्सव हेर्न चाहनुहुन्छ भने, एक पटक मेलबर्न आउनुहोस्। लगातार पाँच दिनसम्म चलेको यो खेलको पहिलो दिन ८७ हजार २४२, दोस्रो दिन ८५ हजार १४७, तेस्रो दिन ८३ हजार ७३, चौथो दिन ४३ हजार ८६७ र अन्तिम दिन ५१ हजार ३ सय ७१ को अंक रहेको छ । पाँचौं दिन क्रिकेट प्रेमीहरू म्याच हेर्न आउँदैनन् र चौथो दिनको तुलनामा पाँचौं दिन दर्शकको सङ्ख्या कम हुन्छ तर अहिले भारत र अष्ट्रेलियाको कुरा गर्दा त्यो पनि बोर्डरको हो -गावस्कर ट्रफी, त्यसपछि तपाइँ प्रत्येक खेलमा, हामीले एउटा स्क्रिप्ट देख्छौं जुन उत्कृष्ट लेखकहरूले पनि लेख्न सक्दैनन्।

अष्ट्रेलियाली टोलीको बारेमा परम्परागत विश्वास छ कि परिस्थिति जस्तोसुकै भए पनि यो टोली टेस्ट खेल जित्नै पर्छ। तर, मेलबर्नको पिचको प्रकृति बुझ्ने होस् वा चमत्कार गर्ने भारतीय ब्याटिङ अर्डरको क्षमता, आयोजक टोलीले आइतबार रातिको स्कोरमा पाँचौं दिनको सुरुवातमा इनिङ्स घोषणा गरेन।

सायद यो सही थियो किनभने यस खेलका उत्कृष्ट बलर जसप्रित बुमराहले इनिङ्समा पाँच विकेट लिने उपलब्धि मात्र देखाउँदैनन्, यो भ्रमणमा आफ्नो ३० औं विकेट पनि लिएका थिए। यदि बुमराहले सिड्नीमा खेल्ने अन्तिम टेस्टमा थप आठ विकेट लिए भने, उनले अष्ट्रेलियाको भूमिमा पाँच खेलको शृङ्खलामा सबैभन्दा बढी विकेट (३७) लिने मिचेल जोनसनको कीर्तिमान पनि तोड्नेछन्।

बुमराह बाहेक, यदि कुनै अन्य खेलाडीले पाँचौं दिनको अन्तिम घण्टासम्म खेल लिन र टीम इण्डियालाई हारबाट बचाउनको लागि आफ्नो सबै दिए भने, त्यो युवा ओपनर यशस्वी जैसवाल थिए। मुम्बईका यी २३ वर्षीय ब्याट्समयानले भारतको दोस्रो इनिङ्समा बलिङ गर्दा एक-दुई होइन तीनवटा क्याच छोडेका थिए जसका कारण उनलाई कप्तान रोहित शर्माले सार्वजनिक रूपमा गाली गर्नुपरेको थियो ।

सायद यही कारणले गर्दा चौथो इनिङ्समा जब टिम इन्डियाले खेल जित्ने वा बचाउने एक व्यक्तिबाट सबैभन्दा बढी अपेक्षा गरेको थियो, त्यो थियो जैसवाल। बुमराहले मेलबर्नमा जस्तै पर्थ टेस्टमा पनि उत्कृष्ट बलिङ गरेका थिए। जैसवालले पर्थ टेस्टमा पनि १६१ रनको असाधारण इनिङ खेलेका थिए जसका कारण टीम इन्डियाले सिरिजमा १-० को अग्रता लिएको थियो ।

आफ्नो पहिलो अष्ट्रेलिया भ्रमणमा, जैसवालले ब्याटमा मानसिक एकाग्रता र आक्रामकताको अद्भुत संयोजन देखाए र शृंखलामा भारतका लागि सबैभन्दा धेरै रन बनाए। तर, उसले अन्तिम क्षणमा कमिन्सको बलमा हुक शट खेल्ने प्रयास गरेकोले उनी आफैंमा पछुताएको पनि हुन सक्छ ।

उनले पहिलो इनिङ्समा पनि राम्रो खेले तर रनआउट भए ।

दोस्रो इनिङ्समा उनी फेरि शतक प्रहार गर्ने बाटोमा थिए तर जैसवालले फेरि खेललाई आफ्नो र टोलीका लागि यादगार बनाउन सकेनन् । नितिश कुमार रेड्डी यस टेस्टमा भारतका लागि अर्को स्टार थिए। पहिलो इनिङ्समा नितिशको शतकको मद्दतले भारतले सम्मानजनक स्कोर बनाउन सफल भयो।पहिलो इनिङ्समा भारतले २२१ रनमा ७ विकेट गुमाएको थियो। तर नितिश रेड्डीले वासिङ्टन सुन्दरसँग आठौं विकेटका लागि १२७ रनको ठूलो साझेदारी गरे । उनी ११४ रन बनाएर आउट भए । उनले यो पनि देखाए कि एक पिचमा जहाँ टीम इन्डियाका धेरै शीर्ष खेलाडीहरूले अष्ट्रेलियाका बलरहरूको सामना गर्न सक्दैनन्, नितिशले एक समझदार इनिङ्स खेले र भारतलाई ३५० पार गर्न मद्दत गर्यो।

भारतको दृष्टिकोणबाट हेर्दा यो टेस्ट जसप्रित बुमराह, यशस्वी जैसवाल र नितिश कुमार रेड्डीको प्रदर्शनका कारण थाहा हुनेछ। बुमराहले यस टेस्टमा कुल ९ विकेट लिएका थिए ।

उनी सबैभन्दा कम टेस्टमा २०० विकेट लिने भारतीय फास्ट बलर पनि बने। यो हारपछि भारतको टिम छनोटमा धेरै प्रश्न उठ्ने छन् ।

कप्तान रोहित शर्मा र पूर्व कप्तान विराट कोहलीको यो अन्तिम अष्ट्रेलिया भ्रमण हो ।

यो जोडीले पछिल्लो दुई टूरमा टीम इण्डियाले सिरिज जितेको देखेको छ र उनीहरू सिड्नीमा अर्को हार वा शृङ्खला पराजयको नतिजा लिएर भारत फर्कन चाहँदैनन्।के रोहित-कोहली जोडीले भ्रमणको अन्तिम खेलमा त्यो गर्न सक्षम हुनेछ, जसका कारण उनीहरूले २९ जुन २०२४ मा बार्बाडोसमा स्मरणीय र भावनात्मक रूपमा ट२० ढाँचामा क्रिकेटलाई अलविदा गर्ने मौका पाए।के यी दिग्गजहरूले टेस्ट क्रिकेटमा यस्तो अविस्मरणीय बिदाईको बारेमा सोच्न पनि सक्छन्? यो प्रश्न सिड्नी टेस्टको अन्त्यसम्म भविष्यको गर्भमा लुकेको छ।

# नयाँ वर्षको मुखमा युक्रेनमा 'रुसी स्यालड'बारे तर्कवितर्क हुनुको कारण

बीबीसी

काठमाण्डु । “रुसी“ स्यालड अथवा “एन्स्यालड रसा“ भनेर व्यापक रूपमा चिनिएको स्यालड तत्कालीन सोभियत सङ्घमा आबद्ध देशहरूमा “ओलिभिअर“ भनेर चिनिन्छ।पाकेको आलु, डिब्बाको मटरकोसा, अचार र मेइअनेइज (मायो) मिसाइएको यो स्यालड कुनै बेला नयाँ वर्षको पूर्वसन्ध्यामा तालिनदेखि भ्लादिभोस्टोकसम्मका टेबलमा हुने गर्थ्यो।

तर रुसले युक्रेनमाथि पूर्ण स्तरको अतिक्रमण गरेको तीन वर्ष पुग्दा अहिले उक्त स्यालडबारे सामाजिक सञ्जालमा विभिन्न तर्कवितर्क भइरहेको छ। युक्रेनले 'डेड मोरोज' अथवा 'ग्र्यान्डफादर फ्रस्ट' भनेर चिनिने रुसी शैलीको स्यान्टा क्लाजलाई विद्यालयदेखि किन्डरगार्टेनहरूसम्ममा विस्थापित गरी सेन्ट निकोलास नाम राखेको छ। तर ओलिभिअरको हकमा चाहिँ अझ बढी जटिलता छ। युक्रेनमा अझै ओलिभिअरको प्रचलनबारे फरक विचार राख्नेहरूले सोभियत सङ्घको “विरासत“ र “सोभियत सङ्घको स्मारक आफ्नो टेबलमा राख्ने गरिएका“ रूपमा व्याख्या गर्ने गरेका छन्।तर अरू त्यसप्रति विमति राख्छन्। “किनकि त्यो केवल स्यालड हो र त्यो स्वादिष्ट हुन्छ,“ यसलाई निरन्तरता दिन चाहने एक युक्रेनीले भने।“त्यससँग बाल्यकालदेखि जोडिएका यादहरू छन्।“

अरू मानिसहरू पनि त्यसलाई खान निरन्तरता दिन चाहन्छन्। तर त्यसको मुख्य हिस्सा हुने गरेको सोभियत मायोको सट्टा फरक किसिमका मासु अथवा च्याउ मिसाएर खाने पक्षमा उनीहरू छन्। कतिपय मानिसहरू ओलिभिअरको उत्पत्ति 'एकदमै रुसी' भएको बताउँछन्। तर अरू मानिसहरू त्यसमा विमति राख्छन् र भन्छन् - त्यसको आविष्कार त फ्रान्सका लुस्याँ ओलिभिअरले गरेका हुन्।

उनी जारिस्ट मस्कोमा जन्मिएका एक फ्रेन्च व्यक्तिको सन्तति भएको बताइन्छ र बाल्यकालमा उनको नाम निकोलाई थियो।सन् १८६० को दशकमा उनले मस्कोमा प्रसिद्ध हार्मिटिज रेस्टुराँ चलाउँथे र व्यवस्थापनलाई प्रवर्द्धन गर्नका निम्ति उनले आफ्नो नाम लुस्याँ राखे।एउटा विचारधाराका अनुसार फ्रेन्च परिकारहरूबारे ज्ञान भएका उनी एक अतिथि सेफ थिए, जुन कुरा जारिस्टकालमा चलनचल्तीमा थियो। अर्को एउटा विचारका अनुसार ओलिभअरले वास्तविक रेसिपीबारे कसैलाई बताएनन्। यद्यपि त्यो सम्झनलाई सम्भवतः त्यति गाह्रो थिएन।

त्यो मूल रूपमा महँगो र विस्तृत स्यालड थियो। त्यसमा ग्राउस अर्थात् कालिजको मासु जुन त्यो परिकारको आधार हुन्थ्यो, आलु, पालुङ्गो, बट्टाईको अण्डा र झिँगे माछा, क्रेफिशको गर्धन, घिरौँला, जैतुन र जैतुनको तेलबाट बनेको प्रोभेनकल सस आदि मिसाइएको हुन्थ्यो।

सन् १९०५ मा हार्मिटिज रेस्टुराँ बन्द भयो र सन् १९१७ को रुसी विद्रोहपछि कालिज खानु बुर्जुवा हुनु जस्तो भयो।ज्यानको खतरा महसुस गरेर धेरै मानिसहरू रुसी साम्राज्यबाट भागे। अनि उनीहरूले संयुक्त राज्य अमेरिका तथा युरोपमा ओलिभिअर बनाउन थाले, जहाँ उक्त स्यालडलाई अहिले पनि “रुसी“ अथवा “मस्को“ भनिन्छ।

कालिजको मासुको सट्टा सुँगुरको जिब्रो, चिकन अथवा मासु पनि स्यालडमा थपिन्छ, जुन कुरा लामो समयबाट अमेरिकामा प्रयोगमा रहेको छैन। ओलिभिअरका पूर्वविद्यार्थीमध्ये एक व्यक्तिको सुझावपछि सन् १९३९ मा सोभियत सङ्घमा फेरि टेबलहरूमा उक्त स्यालड फर्किन थाल्यो र द्वितीय विश्वयुद्धपछि लोकप्रिय भयो। त्यसको मुख्य हिस्सा अझै पनि मासु रह्यो।

तर सन् १९६० को दशकमा रेसिपीमा आमूल परिवर्तन भयो। चिकनको सट्टा प्रशोधित 'कोल्ड मीट' (जसको असामान्य नाम “डक्टर्स ससेज“ हो), सबैभन्दा सजिलो र सबैले धान्न सक्ने चीजबीज बाँकी रहे- आलु, गाजर, प्याज, काँक्रोको अचार, अण्डा, डिब्बाको मटरकोसा र निश्चित रूपमा विलासी ठानिने मायो।

तर ती सामानहरू समेत सोभियत सङ्घमा सधैँ पाउन कठिन भएपछि विशेष अवसरमा मात्रै ओलिभिअर बनाउन थालियो। (विन्टर, क्यापिटल अथवा मासु आदि विभिन्न नाम रहेको) यो परिकार जन्मदिन, वैवाहिक समारोह र जागिरमा बढुवा भएको बेला खाइन्छ।

परम्परागत रूपमा ओलिभअर चाहिँ रुसी क्रान्तिको वार्षिकोत्सवमा र नयाँ वर्षको दिन खाइन्थ्यो, जुन सोभियत सङ्घमा लामो बिदा दिइनेमध्येको समय थियो।

क्रिस्मसजस्ता धार्मिक तथा परम्परागत बिदाहरूमाथि प्रतिबन्ध लगाएर सोभियत सङ्घले चाडपर्वका नयाँ मितिहरू तोक्ने प्रयत्न गऱ्यो। जुन समय वरपर अरू गणतन्त्रका मानिसहरू “सोभियत नागरिकहरूसँग“ भेटघाट गर्न सकून्, त्यस्तो बेला चाडपर्व तोक्ने प्रयत्न भयो।सोभियत सङ्घ ढलेपछि जब खानेकुराहरू प्रचुर र परिकारहरू अझ विविधतायुक्त भए, तब नयाँ वर्षका बेला टेबलमा ओलिभिअरको स्थान म्याद गुज्रेका सामानको जस्तो भयो।

तर बिस्तारै पुराना यादहरू हावी हुँदै गए र उक्त परिकार पुनः अस्तित्वमा आयो। पाककलासम्बन्धी एउटा रुसी वेबसाइटमा लेखिएको छ : यो स्यालड रुसमा चिसोको चाडबाडका बेला एउटा शक्तिशाली प्रतीक बनेको छ, “हाम्रो अगाडि यो एउटा स्यालड मात्रै होइन, बरु एउटा मिथक पात्र हो।“ युक्रेनमा ओलिभिएर तुलनात्मक रूपमा लोकप्रिय रहिआएको छ। पारम्परिक रूपमा यसबारेका छलफलहरू स्यालडका लागि डिब्बाका मटरकोसा अथवा 'स्वीट्कर्न' के राम्रो हुन्छ भन्ने कुरामा सीमित रहे।

तर सन् २०१८ मा यो बदलिन थाल्यो, जब चर्चित युक्रेनी शेफ येभ्हेन क्लोपोटेन्कोले उक्त स्यालडलाई “एउटा सोभियतकालीन विरासत“ भन्न थाले।आफ्नो थालीमा “सोभियत सङ्घ“ हेर्न नचाहेको भन्दै क्लोपोटेन्कोले नयाँ वर्षको पूर्वसन्धन्यामा उक्त स्यालड बनाउन अस्वीकार गरे।

“त्यो त जेलबाट निस्कने तर जेलको खाना खाइरहने जस्तै भयो,“ उनले भने।रुससँग जारी युद्धका कारण विस्थापित हुन बाध्य भएका युक्रेनीहरू युक्रेनबाहिर ओलिभिअर अझै पनि रुसी स्यालड भनेर चिनाउने गरिएको देखेर आश्चर्यचकित हुन्छन्। ओलिभिअरविरुद्ध बोल्नेमध्ये ज्यापोरिज्याका यूट्युबर एन्टोन नाजारेन्को एक हुन्।पूर्ण स्तरको अतिक्रमणका बेला उनले रुसी भाषामा सामग्री बनाउन छोडे र त्यसपछि उनको ध्यान स्यालडतिर गयो।

तर कतिपयका लागि यो कुरा कत्तिको गाह्रो हुन सक्छ भन्ने कुरा उनी स्वीकार्छन्। “तपाईंले हेर्दै नहेर्नुभएको रुसी ओपरा अथवा तपाईंले नहेर्नुभएका रुसी चलचित्रहरू छोड्न सजिलो हुन्छ। तर जब ओलिभिअर जस्तो चिरपरिचित कुरा आउँछ, त्यससँग जोडिएर आउने भावनात्मक कुरा अझ ठूलो हुन्छ,“ बीबीसीसँग उनले भने। चेर्निभ्त्सीकी तेत्याना मार्ट्सेन्युक ओलिभिअरले आफूमा नकारात्मक भावहरू जगाउने गरेको बताउँछिन्।

उनको जन्म सन् १९९३ मा भएको हो र उनका लागि यो स्यालड पुराना यादहरूसँग जोडिएको परिकार भएन, जति सन् १९९० को दशकको तथाकथित भोकमरीले सोभियतकालपछिको याद दिलाउँछ।“यो कुरा त्यस बेला थियो जति बेला जनसङ्ख्याको एउटा हिस्साले मानसिक रूपमा अतीतसँग सम्बन्ध तोड्न सकेको थियो,“ बीबीसीसँग उनले भनिन्। तर समस्या के छ भने जब मार्ट्सेन्युक हुर्किइन् र नयाँ वर्ष मनाउने बेला ओलिभिअर बनाउन छोडिन् तब त्यसलाई के कुराले विस्थापित गर्ने भन्ने कुरा उनले थाहा पाइनन्।

क्रिस्मसमा युक्रेनीहरूकै आफ्नै कैयौँ परम्परालाई चर्चित बनाउन सकिन्छ। उदाहरणका लागि टेबलमा लेन्टेनका १२ वटा परिकारहरू सजाउन सकिन्छ, अथवा पहिलो तारा देखिने बेला खानका लागि बस्न सकिन्छ। खाद्यसंस्कृतिसम्बन्धी अध्येता ओलेना ब्रायचेन्कोको विचारमा ओलिभिअरबारेका तर्कवितर्क प्रत्युत्पादक हुन सक्छन्।

नयाँ पुस्तामा ओलिभिअरप्रति “एकदमै राम्रो“ धारणा छ, टेलिग्राममा उनले लेखेकी छन्। “र हामीले केही नयाँ अनि आधुनिक दिनुको सट्टा उनीहरूलाई अतीत सम्झाउँछौँ।“'हाउ वी ईट' पड्कास्टमा ब्रायचेन्कोले सोभियत सङ्घकालीन स्यालड अब पहिचानयोग्य नरहेको भनेकी छिन्। हिजोआज ओलिभिअर जुनसुकै सूपरमार्केटमा बिक्री हुन्छ।

# दक्षिण कोरियामा धावनमार्गको छेउमा ”विमान ठोकिने” पर्खाल किन

बीबीसी

काठमाण्डु । उड्डयन विज्ञहरूले दक्षिण कोरियामा विमानस्थलको धावनमार्ग नजिकैको एउटा “अस्वाभाविक“ कङ्क्रिट बार र १७९ जना मानिसहरूको ज्यान जाने गरी भएको विमान दुर्घटनाबारे प्रश्न उठाएका छन्।गत आइतवारको विमान दुर्घटनापछि सार्वजनिक भएका दृश्यहरूमा मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा जेजु एअरको विमान धावनमार्गबाट बाहिर पुगेको र एउटा बारमा ठोक्किएपछि आगोको ज्वाला देखिन्छ।

दक्षिण कोरियाकै सबैभन्दा घातक विमान दुर्घटनाबारे अनुसन्धान गरिरहेका अधिकारीहरूले उक्त घटनामा धावनमार्गको अन्तिम भागभन्दा २५० मिटर पर बनाइएको एउटा कङ्क्रिट बार रहेको स्थानको भूमिकाबारे पनि जाँचबुझ गरिरहेका छन्। हवाई सुरक्षा विज्ञ डेभिड लिअर्माउन्ट उक्त अवरोधक त्यहाँ नभएको भए “विमानमा सवार सबैजना जीवितै रहन सक्ने सम्भावना रहेको“ बताउँछन्। हालसम्म प्राप्त जानकारीअनुसार पाइलटले विमान चरसँग ठोक्किएको जानकारी गराउँदै अवतरणका लागि निर्धारित धावनमार्गभन्दा विपरीत दिशाबाट अवतरणका लागि अनुमति मागेका थिए। त्यसपछि विमान धावनमार्ग भन्दा २,८०० मिटर परबाट तल आएको थियो र अवतरणका लागि प्रयोग गरिने चक्का वा ल्यान्डिङ गिअरबिनै अवतरण गरेको थियो।

लिअर्माउन्ट गिअरबिनै जमिनको सतह छुँदासम्म विमानको अवतरण त्यस अवस्थामा हुन सक्ने प्रक्रियाअनुरूप नै भएको बताउँछन्। उनका अनुसार विमानका पखेटाको स्तर र अग्रभागको अवस्था ठिक थिएन अनि धावनमार्गमा घस्रिँदासम्म पनि विमानमा ठोस क्षति भएको थिएन।“यति धेरै मानिसहरूको मृत्युको कारण विमानको अवतरण गर्ने तरिका होइन। तर वास्तविकता के हो भने धावनमार्गको अन्तिम भाग कट्ने बित्तिकै विमान अत्यन्तै कडा अवरोधकमा ठोक्कियो,“ उनले भने।

म्युनिखस्थित लुफ्थान्साका पाइलट क्रिश्चन बेकर्टले रोएटर्स समाचारसंस्थासँग उक्त कङ्क्रिटको संरचनालाई



“अस्वाभाविक' भनेका छन्।“साधारणतया विमानस्थलमा धावनमार्गको अन्तिममा पर्खाल हुँदैन,“ उनी भन्छन्। उक्त कङ्क्रिट संरचनामा 'लोकलाइजर' भनिने न्याभिगेशनको प्रणाली रहेको र यसले विमानलाई अवतरणका लागि सहयोग गर्ने दक्षिण कोरियाको योन्हाप समाचारसंस्थाले जनाएको छ।योन्हापका अनुसार लोकलाइजरलाई धावनमार्गकै तहमा राख्दा राम्रोसँग काम गर्ने भएका कारण चार मिटर अग्लो उक्त पर्खाल उठाइएको थियो।

दक्षिण कोरियाको यातायात मन्त्रालयले देशको अन्य भागका विमानस्थल र विदेशका केही विमानस्थलहरूमा पनि कङ्क्रिट संरचनामै यस्ता उपकरणहरू राख्ने गरिएको जनाएको छ। तर अधिकारीहरूले ठक्करको क्रममा सहजै भाँचिने किसिमका हलुका वस्तुबाट यस्तो बार बनाउन सकिने सम्भावनाबारे जाँचबुझ गरिने बताएका छन्। दुर्घटनामा परेको जस्तै विमान उडाएका र ४८ वर्ष कार्यानुभव भएका पाइलट क्रिस किङ्सवूडले बीबीसी न्यूजसँग भने, “धावनमार्गभन्दा निश्चित दूरीसम्मका अवरोधकहरू कमजोर वस्तुबाट बनेका हुनुपर्छ। त्यसको अर्थ यदि ठोक्किए ती सहजै भाँचिऊन्।“

“यस्तो कडा संरचना अस्वाभाविक देखिन्छ। मेरो बुझाइमा उक्त विमान तीव्र गतिमा थियो..धावनमार्गको अलि अगाडि अवतरण भएको थियो त्यसकारण धावनमार्ग कटेर केही परसम्म जान सक्थ्यो…त्यसो भए त्यहाँ कुनै सीमारेखा कोर्ने? त्यस कारण यो विषय अनुसन्धान हुनुपर्छ।“ “विमानहरू बलियो संरचनाबाट बनेका हुँदैनन्। तिनीहरू उडानका लागि उपयुक्त किसिमले डिजाइन गरिएका हुन्छन्। तिनीहरूको 'बडी' उच्च गतिका लागि बनाइएको हुँदैन। त्यसकारण कुनै पनि संरचनासँगको ठक्करले विमान टुक्रिन सक्छ र त्यो विनाशकारी हुन सक्छ।“विमानको इन्धन पखेटाको भागमा राखिएको हुन्छ, त्यसकारण पखेटा चर्किएपछि आगो लाग्ने सम्भावना धेरै हुन्छ। त्यसैले यदि त्यहाँ पर्खाल नभएको अवस्थामा नतिजा पूर्णतया फरक हुन्थ्यो भन्न सकिँदैन। किङ्सवूड उक्त विमानस्थलले यो क्षेत्रको सबै मापदण्ड पूरा नगरेको पाइए पनि आफू अचम्ममा नपर्ने बताउँछन्।

“मलाई के लाग्छ भने हामी ठूला अन्तर्राष्ट्रिय विमानस्थलको एअरफील्डवरिपरि गयौँ भने हामीले अवरोध पुऱ्याउन सक्ने धेरै अवरोधहरू भेट्टाउने छौँ,“ उनी थप्छन्। उड्डयन विश्लेषक स्याली गेथिन विमानका पाइलटलाई त्यहाँ अवरोध भएको थाहा रहे वा नरहेकोबारे प्रश्न गर्छिन् ।

# एक अर्ब १२ करोड सुन्तला बिक्री

वालिङ । यस वर्ष स्याङ्जाबाट रु एक अर्ब १२ करोडभन्दाको सुन्तला बिक्री भएको छ । सुन्तला सुपरजोन क्षेत्रमा उत्पादन भएका सुन्तला बिक्रीबाट यस वर्ष स्याङ्जामा रु एक अर्ब १२ करोड ४७ लाख १५ हजार दुई सय भित्रिएको हो ।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ सुन्तला सुपरजोनका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष २० हजार ८४ दशमलव दुई मेट्रिक टन सुन्तला उत्पादन भएको हो । उत्पादिमध्ये ९० प्रतिशत बिक्री भएको उहाँले बताउनुभयो । उत्पादित सुन्लता थोक मूल्यमा प्रतिकेजी रु ५६ का दरले बिक्री भएको हो । चालु आर्थिक वर्षमा स्याङ्जामा सुन्तला बगैँचाको क्षेत्रफल दुई हजार दुई सय ८० हेक्टरमा विस्तार भएको छ

चालु आवमा प्रतिहेक्टरमा सुन्तलाको उत्पादकत्व १४.६६ टन भएको सूचना अधिकारी बुढाथोकीले जानकारी दिनुभयो । गत आवमा दुई हजार एक सय हेक्टरमा सुन्तला बगैँचा कायम थियो । गत वर्ष एक हजार नौ सय ८७ मेट्रिक टन सुन्तला उत्पादन भएको उहाँले जानकारी दिनुभयो । गत वर्षको तुलनामा यस वर्ष ५० हेक्टर उत्पादनशील क्षेत्रफल वृद्धि भएको हो । स्याङ्जाका सुपरजोन घोषणा हुनुपूर्व आठ सय ८७ हेक्टरमा फैलिएको सुन्तला बगैँचा सुपरजोन भएसँगै हालसम्म दुई हजार दुई सय ८० हेक्टरमा सुन्तला बगैँचा विस्तार भएको उहाँले बताउनुभयो ।

विसं २०७३/७४ मा स्याङ्जालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जोन कार्यान्वयन एकाइ घोषणा गरिएको थियो । आव २०७५/७६ को सुरुवातसँगै स्याङ्जालाई सुपरजोन घोषणा गरिएको थियो । सुन्तलाका क्षेत्रमा सुपरजोन घोषणा भई कार्यान्वयनमा आएसँगै जिल्लामा सुन्तला उत्पादनतर्फ किसान थप आकर्षित भएर लागेका सुन्तला सुपरजोन सञ्चालक समिति स्याङ्जाका अध्यक्ष बोधराज अर्यालले बताउनुभयो । स्याङ्जामा साउनदेखि फागुनसम्म विभिन्न प्रजातिका सुन्तला उत्पादन हुँदै आएका छन् ।

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकमा रहेको त्रिपुत्र बागवानी कृषि फार्मले यस वर्षमात्र रु पाँच करोडका सुन्तलाको कारोबार गरेको छ । फार्मले भाटभटेनी सुपरमार्केटलगायत व्यावसायिक सङ्घसंस्थालाई भारी मात्रामा सुन्तला बिक्री गर्दै आएको छ । फार्मले यस वर्ष प्रतिकेजी न्यूनतम रु २५ देखि अधिकतम रु ८५ सम्मका दरले सुन्तला बिक्री गरिरहेको छ । फार्मका सञ्चालक फणिनारायण अर्यालका अनुसार सुन्तलाको न्यूनतम मूल्य प्रतिकेजी रु २५ देखि अधिकतम रु ८५ सम्म कायम भएको छ ।

तुलनात्मक रुपमा गत वर्षभन्दा यस वर्ष सुन्तलाको बिक्री मूल्य घटेको उहाँले बताउनुभयो । उहाँ जिल्लाकै अगुवा सुन्तला किसान हुनुहुन्छ । उहाँ एक्लैले सुन्तला बेचेर गरेर वार्षिक रु ६० देखि ७० लाखसम्म आम्दानी गर्दै आउनुभएको छ ।

स्याङ्जामा सुन्तला व्यवसायलाई मुख्य आम्दानीको सोतका रूपमा विकास गर्ने पद्धतिको विकास हुँदै गएको छ । जिल्लाका विभिन्न भागमा निर्वाहमुखी र घरायसी प्रयोजनका लागि गर्दै आएको सुन्तलाखेती विस्तार भएको छ ।

पुतलीबजार, वालिङ, भिरकोट,गल्याङनगरपालिकासहित आँधीखोला, फेदिखोला, बिरुवा, हरिनास, अर्जुनचौपारी गाउँपालिका सुन्तलाका पकेट क्षेत्र हुन् ।रासस

# ग्रामीण सडक विस्तारबाट कृषि उपजको बजारीकरण सहज

भोजपुर । ग्रामीण भेगसम्म सडक विस्तार भएपछि स्थानीय उत्पादनको बजारीकरण सहज भएको छ । ग्रामीण भेग सडक सञ्जालबाट जोडिएपछि कृषि उपज बेचेर यहाँका किसान आर्थिक रुपमा पनि सक्षम बनेका छन् । सदरमुकामको देउराली चोकबाट चखेवाभञ्ज्याङसम्मको नै पुग्ने गरेको टेम्केमैयुङ-५ का किसान सन्तोष विष्टले बताउनुभयो ।यसैबीच, जिल्लाको पूर्वी क्षेत्रबाट तराईका जिल्लासँग जोड्ने भोजपुर र धनकुटाको सीमामा रहेको अरुण नदीमा पक्की पुल बनेपछि स्थानीयलाई आवतजावतमा सहजतासँगै यहाँका उत्पादनको बजारीकरण



४२ किलोमिटर सडक कालोपत्र भएको छ । यो सडकबाट खोटाङ हुँदै काठमाडौँ पुगिन्छ । स्थानीय बजारमा नबिकेका उत्पादन काठमाडौँलगायत सहरमा बिक्री हुने गरेको छ ।

यहाँ उत्पादन भएका कृषिउपज किसानले काठमाडौँ बाहेक पूर्वी भेगका धरान, विराटनगरलगायत सहरमा पनि बिच्दै आएका छन् । केही व्यापारी धानमकै किन्न घरखेतमा पनि सहज भएको छ ।

एसियाली विकास बैंकको ऋण सहयोगमा भोजपुर-लेगुवा ६६ किलोमिटर सडक कालोपत्र भएको छ ।

भोजपुरको लेगुवाबाट धनकुटा हुँदै धरान जोड्ने यो सडकमा नियमित रूपमा सार्वजनिक सवारीका साधन सञ्चालन भएपछि व्यापारीलाई पनि उद्यम गर्न सजिलो भएको छ ।रासस

# खेर गएको पातपतिङ्गरबाट जैविक मल



मध्यविन्दु । नवलपरासी( बर्दघाट सुस्तापूर्व)को विनयी त्रिवेणी गाउँपालिकाले जैविक मल उत्पादन सुरु गरेको छ । वनमा खेर गएको पातपतिङ्गरबाट जैविक मल उत्पादन गरी बिक्री सुरु गरिएको गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताउनुभयो । 'विनयी जैविक मल उत्पादन उद्योग' सञ्चालन गरी स्याउला, घाँसपातको प्रयोगबाट जैविक मल उत्पादन सुरु गरिएको उहाँको भनाइ छ ।

"विनयी त्रिवेणी गाउँपालिका-१ दुम्कीवासमा रहेको विनयी सामुदायिक वन उपभोक्ता समूहमा स्थापना गरिएको उद्योगमा अहिले जैविक मल तयार गरी बिक्री सुरु भएको छ", उहाँले भन्नुभयो ,"यस वर्ष एक सय २५ मेट्रिक टन जैविक मल उत्पादन गर्ने लक्ष्यसहित काम भइरहेको छ ।"

केही वर्ष अघिसम्म सामुदायिक वनले जैविक मल उत्पादन गर्दै आएकोमा गत वर्षदेखि गाउँपालिकाले स्वामित्व लिँदै उद्योगका रूपमा काम अगाडि बढाएको हो । विज्ञहरूको सहयोगमा माटो र मलको गुणस्तरसम्बन्धी अनुसन्धान सम्पन्न गरी गुणस्तरीय मल उत्पादन सुनिश्चित गरिएको गाउँपालिका अध्यक्ष गिरीले जानकारी दिनुभयो । वनजन्य झाडी तथा हिउँदमा डढेलो निम्त्याउने तत्वलाई नियन्त्रण गर्न जैविक मलको उत्पादन प्रभावकारी हुने उहाँले बताउनुभयो ।

"गाउँपालिकाभित्र ४१ वटा सामुदायिक वन, दुई वटा धार्मिक वन र दुई वटा मध्यवर्ती वन छन्, यी सबै वनलाई जैविक मल उत्पादन उद्योगसँग जोड्दै लैजाने प्रक्रियामा रहेका छौ", उहाँले भन्नुभयो, "यो योजनाले रासायनिक मललाई विस्थापित गर्दै जैविक मललाई प्राथमिकता दिने, स्थानीय जनताको आयआर्जनको स्रोत विस्तार गर्ने र वातावरण संरक्षणमा योगदान पुर्‍याउने लक्ष्य लिएको छ ।"

वन जङ्गलबाट सङ्कलन गरिएको स्याउला तथा घाँस पात जम्मा गरे पछि जैविक मल उत्पादन गर्न ९० दिन लाग्छ । उत्पादन प्रक्रिया पूर्ण रूपमा व्यवस्थित र पर्यावरणमैत्री रहेको अध्यक्ष गिरीले बताउनुभयो । वनमा स्याउला तथा घाँस सङ्कलन गर्न विनयी सामुदायिक वनका ८० जना उपभोक्ताहरू अहिले काममा जुटेका छन् । "अहिले एउटा वनबाट मात्रै ८० जना उपभोक्ताले प्रत्यक्ष रोजगारी पाएका छन्", उहाँले भन्नुभयो, "पालिकाभित्रका ४१ वटा सामुदायिक वनबाट वायोमास सङ्कलन सुरु गर्दा पाँच हजारले प्रत्यक्ष रोजगारी पाउने छन् ।"

जङ्गलमा रहेको स्याउला, घाँसपात सङ्कलनका लागि ८० जना उपभोक्ताहरू दैनिक रूपमा काममा आउने गरेको विनयी सामुदायिक वन उपभोक्ता समूहकी अध्यक्ष बालु पुरीले बताउनुभयो । जैविक मल उत्पादनका लागि एनसाव नेपाल र एफएयुले तालिम तथा अन्य प्राविधिक सहयोग गरेका छन् । उपभोक्ताले सङ्कलन गरेको हरियो स्याउलालाई प्रतिकिलो रु दुईले खरिद गरिने उहाँले जानकारी दिनुभयो ।

उद्योगबाट उत्पादन भएको मल गाउँपालिकाभित्र प्रतिकेजी रु २० र बाहिर प्रतिकेजी रु २५ का दरले बिक्री सुरु गरिएको छ ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ ।

जसअनुसार बुधबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ६९ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ३९ पैसा कायम भएको छ ।




युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ३५ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ९७ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ४३ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ १४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ १३ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ७९ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८४ रुपैयाँ ९० पैसा र बिक्रीदर ८५ रुपैयाँ २८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ०७ पैसा र बिक्रीदर ९५ रुपैयाँ ४९ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ३२ पैसा र बिक्रीदर एक सय रुपैयाँ ७६ पैसा निर्धारण गरिएको छ ।जापानी येन १० को खरिददर आठ रुपैयाँ ७२ पैसा र बिक्रीदर आठ रुपैयाँ ७६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७३ पैसा र बिक्रीदर १८ रुपैयाँ ८१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५० पैसा र बिक्रीदर ३७ रुपैयाँ ६६ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७० पैसा र बिक्रीदर ३० रुपैयाँ ७० पैसा निर्धारण भएको छ ।साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ २८ पैसा र बिक्रीदर नौ रुपैयाँ ३२ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ४३ पैसा र बिक्रीदर १२ रुपैयाँ ४८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ०९ पैसा र बिक्रीदर १९ रुपैयाँ १७ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६० पैसा र बिक्रीदर १७ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४३ रुपैयाँ ६५ पैसा र बिक्रीदर चार सय ४५ रुपैयाँ ६० पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६२ रुपैयाँ ३८ पैसा र बिक्रीदर तीन सय ६३ रुपैयाँ ९७ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५५ रुपैयाँ ०२ पैसा र बिक्रीदर तीन सय ५६ रुपैयाँ ५८ पैसा तोकिएको छ । त्यसैगरी भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैंकले जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुनेसमेत जनाइएको छ ।रासस

# धान र कोदोको उत्पादन बढ्यो

गलेश्वर । गत वर्षको तुलनामा यस वर्ष म्याग्दीमा धान र कोदोको उत्पादनमा वृद्धि भएको छ । कृषि ज्ञान केन्द्रका अनुसार यो वर्ष धान पाँच प्रतिशत र कोदो उत्पादनमा दुई प्रतिशतले वृद्धि भएको छ । साथै कोदो र अन्य तरकारी तथा फलफूल उत्पादनमा पनि विगतका वर्षहरुमा भन्दा बृद्धि भएको कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत गंगा लामिछानेले बताउनुभयो ।




एक नगरपालिका र पाँच वटा गाउँपालिका रहेको जिल्लाको विभिन्न स्थानमा रोपिएको धानको गत वर्षको तुलनामा यस वर्ष उत्पादन बढेको हो ।चालु आर्थिक वर्षमा तीन हजार आठ सय छ हेक्टर जमिनमा धान रोपिएकामा १३ हजार छ सय ६४ मेट्रिक टन उत्पादन भएको केन्द्रले जनाएको छ । गत वर्ष सोही क्षेत्रफलमा १२ हजार नौ सय ७९ मेट्रिक टन उत्पादन भएको थियो । अनुकूल, मौसम रोगको कम प्रभाव, रोपाइँका बेला पर्याप्त वर्षा र बालीलाई पानी आवश्यक परेका बेला पनि वर्षा भएकाले विगतको तुलनामा उत्पादन बढेको केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो ।

दुई हजार दुई सय ९७ वर्ग किलोमिटरमा फैलिएको म्याग्दीमा ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन छ ।रासस

# कालीगण्डकी कोरिडोरः माझीबस्ती-खनियाघाट खण्ड कालोपत्र

म्याग्दी । मालढुङ्गा-बेनी सडकअन्तर्गत माझीबस्ती-खनियाघाट खण्डमा कालोपत्र भएको छ । राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत यो खण्ड कालोपत्र भएको हो । कुश्मा नगरपालिका-१ माझीबस्तीबाट जलजला गाउँपालिका-८ खनियाघाटसम्म दुई किलोमिटर कालोपत्र भएको हो ।



तेह्र किलोमिटर लामो बेनी-मालढुङ्गा सडकलाई ११ मिटर फराकिलो बनाएर अस्फाल्ट प्रविधिको कालोपत्र र ढलान गर्न रु ५२ करोड ८६ लाखमा निर्माण व्यवसायीसँग सम्झौता भएको आयोजनाका सबइञ्जिनियर सोहनजङ्ग कार्कीले बताउनुभयो ।

विभिन्न स्थानमा दुई किलोमिटर ढलान भइसकेको सडकको थप आठ किलोमिटर क्षेत्रमा पनि विस्तार, 'सवबेस', 'बेस' राख्ने र 'ग्रेडिङ' जारी छ । यसैबीच, बागलुङको गलकोटबाट रासस प्रतिनिधिले सम्प्रेषण गरेको समाचारअनुसार बोक्से-सिगाना सडक पनि धमाधम कालोपत्र भइरहेको छ ।

दश किलोमिटर सडकमध्ये पहिलो चरणमा छ किमी कालोपत्र गर्न बोक्सेबाट काम सुरु भएको हो । आगामी चैतसम्ममा छ कालोपत्र सम्पन्न गर्ने लक्ष्यका साथ धमाधम काम भइरहेको छ । रासस

# पन्चैबाजा संरक्षणमा आमा समूह

ढोरपाटन । परियार समुदायको पुर्ख्यौली पेसाका रुपमा पन्चैबाजा हिजोआज अन्य समुदायले पनि बजाउन थालेका छन् । गाउँ तथा सहरमा बिस्तारै पन्चैबाजा बचाउने प्रचलन हराउन थालेपछि बागलुङमा महिला र मगर समुदायका युवाले संरक्षणमा चासो दिएका हुन् । युवा शक्ति विदेश पलायन भएपछि सङ्कटमा पर्न थालेको पन्चैबाजा बजाउने प्रचलन पछिल्लो समय संरक्षण भइरहेको छ । अहिले यहाँका महिला समूहले समेत बाजा बजाउन थालेका छन् ।



पन्चैबाजा बजाउने चलन लोप हुन थालेपछि महिलाहरु यसको संरक्षणमा लागेको बागलुङ नगरपालिका-३ देउरालीचोक आमा समूहकी अध्यक्ष सरिता थापा मगरले बताउनुभयो । विवाह, व्रतबन्ध र अन्य सार्वजनिक कार्यक्रममा बाजा बजाउने कोही नहुँदा आफूहरुले बजाउन थालेको उहाँको भनाइ छ । पहिले गाउँमा धेरै समूहले बाजा बजाए पनि अहिले कोही नभएको उहाँले उल्लेख गर्नुभयो ।

थापाले भन्नुभयो, "अहिले बाजा बजाउने जनशक्ति पाउनै मुस्किल छ, नयाँ पुस्ता विद्यालय सकाएपछि विदेश नै जान हतारिन्छन्, बुढापाकाले बजाउन सक्दैनन्, टोल छिमेकमा कसैको बिहे, व्रतबन्ध, पास्नी हुँदा बाजा बजाउनै छोडेको हुँदा दिदीबहिनीहरु मिलेर पन्चैबाजा बजाउन थालेका हौं, सुरुमा सिक्न केही समय लाग्यो अहिले सबैले सिकेपछि ठाउँ-ठाउँमा बजाउन जाने गरेका छौं ।" दुई वर्ष अगाडिदेखि बाजा बजाउन सिकेका महिलाहरुले अहिले यसैबाट आम्दानीसमेत गर्न थालेका छन् । सुरुमा गाउँका पन्चैबाजा समूहबाट सिकेका उनीहरुले रु एक लाख ५० हजारमा बाजा सेट खरिद गरेर व्यावसायिक रुपमा बजाउन थालेका हुन् । एउटा विवाहबाट रु ३० हजारदेखि ५० हजारसम्म लिने गरेको पन्चैबाजा समूहकी सदस्य कला श्रीसले जानकारी दिनुभयो । विवाहको याममा बागलुङका ग्रामीण क्षेत्रदेखि ठूला-ठूला सहरसम्म बाजा बजाउन जाने गरेको उहाँको भनाइ छ ।

"सुरुमा बाजाको ताल सिक्न केही समय लाग्यो, अहिले ५० जनाभन्दा बढी दिदीबहिनीहरुले पन्चैबाजा बजाउने गर्छौं", उहाँले भन्नुभयो, "अब सिक्न चाहनेलाई पनि सिकाउन सकिन्छ, हामीलाई मङ्सिर र माघमा भ्याइनभ्याइ हुन्छ, यसबाट हाम्रो आम्दानी पनि राम्रो भएको छ ।"रासस

# नेपालगञ्ज नाकाबाट ५९८ जनाको उद्धार

जानकी । माइती नेपाल नेपालगञ्ज सन् २०२४ मा नेपालगञ्ज नाकाबाट जोखिमपूर्ण यात्रामा रहेका पाँच सय ९८ जनाको उद्धार गरिएको जनाएको छ ।

नेपाल पत्रकार महासङ्घ बाँके शाखाको आयोजनामा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सञ्चारकर्मीसँगको मङ्गलबार भएको अन्तरक्रियामा माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइरालाले सन् २०२४ मा भारतलगायत विभिन्न देशमा जोखिमपूर्ण यात्रामा निस्केका महिला तथा बालिकाको उद्धार गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार काम, विवाह, घुमघाम, किनमेललगायतको बहाना बनाएर नाका पार हुन थालेका शङ्कास्पद व्यक्तिलाई केरकार गर्दा जोखिमपूर्ण यात्रामा रहेको पाइएपछि उनीहरुलाई नेपाल फिर्ता गरिएको हो । संयोजक कोइरालाले एक वर्षमा सात सय ७७ जनाको खोजतलासको निवेदन परेको र चार सय सात जना फेला परेको बताउनुभयो ।

भारत तथा तेस्रो मुलुकमा पुगेकाहरु सम्पर्कमा नआएपछि आफन्तीले खोजतलासको निवेदन दिने गर्दछन् । संयोजक कोइरालाले सन् २०२४मा खोजतलासको निवेदन धेरै पर्नेमा बाँके जिल्ला अगाडि रहेको जानकारी दिनुभयो । जोखिमपूर्ण यात्रा गर्दै नाका पार हुनेहरुमा प्रायः जसो लुम्बिनी प्रदेश र कर्णाली प्रदेश गरी सुर्खेत, बर्दिया, दाङ, जाजरकोट, दैलेख जिल्ला रहेका छन् ।

सामाजिक सञ्जालको दुरुपयोग गरेर दलालहरु बेचबिखनमा सक्रिय रहेको उल्लेख गर्दै संयोजक कोइरालाले तीनै तहका सरकारसँग समन्वय गरेर मानव बेचबिखन नियन्त्रणसम्बन्धी काम गरिरहेको बताउनुभयो । माइती नेपालले मानव बेचबिखन नियन्त्रणका लागि सीमा नाकामा चेकजाँच गर्नुका साथै भारतलगायतका मुलुकमा बेचिएका र बेचबिखनको जोखिममा परेका महिला तथा बालबालिकालाई उद्धारका निम्ति काम गर्दै आएको छ ।

नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरीले मानव बेचबिखन सामाजिक कलङ्क र सङ्गठित अपराध भएको उल्लेख गर्दै त्यस्ता क्रियाकलापमा संलग्नलाई निरुत्साहित गर्न सञ्चारमाध्यमको अहम भूमिका हुने बताउनुभयो ।रासस

# शहीद परिवारका लागि स्वास्थ्य बीमा गर्दै मधेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुकको लोकतान्त्रिक शासन व्यवस्थाका पक्षमा ज्यान दिएका सहिद परिवारले अब स्वास्थ्य बीमाको सहुलियत पाउने भएका छन् ।

सशस्त्र युद्ध तथा मधेश आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहीद परिवारको स्वास्थ्य बीमाका लागि मधेश प्रदेश सरकारले बजेट व्यवस्थासहित आवश्यक प्रक्रिया अघि बढाएको छ । यसै सम्बन्धमा मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य बिमा बोर्डबिच सम्झौता भएको छ ।




सो सम्झौताबाट लोकतन्त्र स्थापनाका पक्षमा भएको आन्दोलनमा सहादत प्राप्त गरेका र हराइरहेका व्यक्तिका एक हजार ८१ परिवारले बीमा सुविधा पाउने प्रदेशको गृह सञ्चार तथा कानुन मन्त्रालयले जनाएको छ । स्वास्थ्य बीमा गराउने सन्दर्भमा शहीद परिवारको विस्तृत विवरण सङ्कलनमा बोर्डका कर्मचारी खटिएको मन्त्रालयका सचिव उद्धवप्रसाद रिजालले जानकारी दिए । विवरण अद्यावधिक भइसकेपछि मन्त्रालयले बोर्डलाई प्रतिपरिवार तीन हजार पाँच सय रुपैयाँका दरले रकम पठाउने सचिव रिजालको भनाइ छ । वार्षिक तीन हजार पाँच सय रुपैयाँ बोर्डमा जम्मा भएपछि परिवारका पाँच जना सदस्यले स्वास्थ्य बिमाअन्तर्गत सहयोग प्राप्त गर्नसक्ने कानुनी व्यवस्था छ ।

प्रदेश सरकारले सशस्त्र युद्ध र मधेश आन्दोलनका शहीद परिवारका लागि चालु आर्थिक वर्ष २०८१/८२ मा ४० लाख रुपैयाँ विनियोजन गरेको छ । विनियोजन गरिएको सो रकमबाट सहिद परिवारको स्वास्थ्य बिमा गरिने मन्त्रालयले स्पष्ट गरेको छ ।

शहीद परिवारको उपचार प्रबन्धका लागि प्रदेश सरकारले लिएको तत्परता र पहलकदमीलाई यहाँका बुद्धिजीवीले सकारात्मक रूपमा लिएका छन् । त्यसै सम्बन्धमा जलेश्वरस्थित रामनन्दन, विश्वेशर महेन्द्र बहुमुखी क्याम्पसका प्राचार्य अजयकुमार झाले शहीद परिवारको खोजी गरी स्वास्थ्य बिमाको व्यवस्थासहित राहतसहयोग उपलब्ध गराउन बजेटसमेत विनियोजन गरेकामा प्रदेश सरकारलाई धन्यवाद दिँदै अझै लोककल्याणकारी एवं जनमुखी कार्यक्रम ल्याउन सरकारसँग अनुरोध गरे ।

# बालविद्यार्थीलाई बोरा ओछ्याएरै पढ्नुपर्ने बाध्यता

**टुडे समाचारदाता**

रौतहट । रौतहटको एक सामुदायिक विद्यालयमा अहिले पनि परम्परागत रुपमै बोरा ओछ्याएर अध्ययन गर्न बाध्य रहेको छ ।

फतुवा विजयपुर नगरपालिका-१ स्थित शीतलपुरमा रहेको दलित प्राथमिक विद्यालयका विद्यार्थी विगत १७ वर्षदेखि बोरामा बसेर अध्ययन गरिरहेका छन् । बकैया नदीको 'ड्याम'मा स्थानीय समाजसेवी गणेश महराले दान गरेको १० धुर जग्गामा २०६४ सालमा दलित प्राथमिक विद्यालय स्थापना भएको छ ।

सो विद्यालयमा कुनै किसिमको फर्निचर तथा भवन नभएकै कारण अध्ययन गर्ने बालबालिका भुइँमा बोरा ओछ्याएर पढ्दै आएका छन् भने भवनको नाममा दुईवटा साना छाप्रो छन् ।

अहिले पनि सो विद्यालयमा अध्ययन गर्ने बालबालिका भुइँमा नै बसेर अध्ययन गर्न बाध्य छन् । सो विद्यालयका कक्षा ३ मा अध्ययनरत रबिताकुमारी मुखियाले पढ्ने वातावरण नै नभएको जनाइन् । सो विद्यालयको समस्याप्रति स्थानीय सरकार उदासीन भएको उनी बताउँछन् ।

स्कुलमा डेस्क, बेञ्च, भवन, शौचालय केही पनि नभएको उनले गुनासो गरिन् । अर्का विद्यार्थी सुवोधकुमार पटेलले पनि फर्निचर अभावमा पढ्न कठिनाइ रहेको बताए ।

बाल विकास कक्षामा अध्ययन गर्ने बालबाललिकाले बोरा लिएर जाने गरेका छन् । घरबाट बोरा नल्याउनेले चिसो भुइँमा बस्नुपर्ने बाध्यता रहेको निमित्त प्रधानाध्यापक हीरालालप्रसाद यादवले दुःखेसो पोखे ।



अहिले पनि सो विद्यालयमा चारजना बाल विकास शिक्षिका, दुई संघीय अनुदानका शिक्षक र एक कार्यालय सहयोगी कार्यरत छन् । स्थापना भएको १७ वर्ष भए पनि सो विद्यालयमा हालसम्म एक जना पनि स्थायी शिक्षक छैनन् भने विद्यालयमा अध्ययन र अध्यापन गराउन एकदमै असहज भएको प्रधानाध्यापक यादवले बताए ।

विद्यालय स्थानीय तह मातहत आएको आठ वर्ष बितिसक्दा पनि विद्यालयको अवस्थामा परिर्वतन नहुनु राजनीतिक मतभेद भएको उनको बुझाइ छ ।

सोही विद्यालय स्थानन्तरणका लागि २०७४ सालमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट निर्वाचित फतुवा विजयपुर नगरपालिका-१ का तत्कालीन वडाध्यक्ष सञ्जय साहले चार कठ्ठा जमिन खरिद गरेर पाँचकोठे भवन बनाए । तर सो जमिन रौतहट क्षेत्र नं. ३ का सांसद प्रभु साहको तराई मधेश समृद्धि प्रतिष्ठानका नाममा खरिद गरेका कारण विद्यालय सार्न नसकिएको प्रधानाध्यापक यादवले गुनासो गरे ।

विद्यालयका नाममा बजेट लिएर जमिन र भवन विद्यालयको नाममा नगर्दा विद्यार्थीले सास्ती खेप्नुपरेको प्रधानाध्यापक यादवले बताए । विसं २०७९ मा निर्वाचित नगरप्रमुख निलम्बनमा परेको र हालका कार्यवाहक नगरप्रमुख अम्बेया खातुनले विद्यालयको अवस्थाबारे चासो नदिएको उनले गुनासो गर्दै बताए । सामान्य वर्षा र अत्यधिक गर्मीमा पनि विद्यालय बन्द गर्नुपर्ने बाध्यता रहेको प्रधानाध्यापक यादवले बताए । मधेश प्रदेश सरकारका अर्थमन्त्री जितेन्द्र यादव सोही नगरका भए पनि विद्यालयको समस्या समाधान नभएकामा उनी खिन्न भए ।

पकाउने र भाँडा राख्ने ठाउँको अभाव देखाउँदै विद्यालयले गत साउनदेखि त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खाजा खुवाउन नसकेको प्रधानाध्यपक यादवले बताए । बाढीले हाजिर रजिष्ट्रर बगाएको स्मरण गर्दै प्रअ यादवले भौतिक पूर्वाधार अभाव झेल्नुपरेको गुनासो गरे । विद्यालयमा एक सय ७५ विद्यार्थी रहेका छन् ।

सो विद्यालयमा ६० प्रतिशत छात्रा र चार शिक्षिका छन् । शौचालय अभावमा उनीहरू दिसापिसाब गर्न आफ्नै घर वा नजिकैको उखुबारी जानुपर्ने बाध्यता रहेको छ ।

सो विद्यालयमा अध्यापनरत एक शिक्षकले सात वर्षदेखि तलबविहीन भएर काम गरिरहेको गुनासो गरे । विसं २०७५ असोज ६ गते आफूले राहत दरबन्दीमा नियुक्त भएको तर हालसम्म एक रूपैयाँ तलब नपाएको शिक्षक रामप्रवेश बैठा धोबीले बताए ।

फतुवा विजयपुर नगरपालिकाका शिक्षा शाखा प्रमुख सञ्जय यादवले तलब दिने आश्वासन दिए पनि तलब पाउन आश्वासन मात्रै पाएको शिक्षक धोबीले बताए । तर प्रधानाध्यापक हीरालाल यादवले भने विद्यालयमा राहत दरबन्दी नै नभएको बताए ।

# शीतलहरीले जनजीवन प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई मधेशमा तीन दिनदेखि बढ्दै गएको चिसोको कारणले जनजीवन प्रभावित बनेको छ । आज बुधबार पश्चिमी हावा चलेको कारणले चिसो थप बढेको देखिएको छ ।

अंग्रेजी नव वर्षको कारणले बजार, हाटहरुमा रौनकता देखिएपनि विभिन्न ठाउँहरूमा बालबालिका, वृद्धवृद्धाहरू आगो तापिरहेका छन् । चिसो बढे पनि अस्पतालमा भने बिरामीको चाप कम देखिएको छ ।



प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरीको इमरजेन्सी शाखामा भेटिनुभएका चिकित्सक डा.कृष्णा पंजियारले चिसो बढे पनि नववर्षको कारणले बुधबार बिरामीको चाप कम देखिएको हुन सक्ने बताउनुहुँदै चिसोमा न्यानो भएर घरमा नै बस्न सबैलाई आग्रह गरे ।

चिसो मौसममा रुधाखोकी, निमोनिया लगायतका रोगहरू लाग्ने र सोबाट सबैभन्दा बढी बालबालिका र वृद्धवृद्धाहरू प्रभावित हुने भएकोले उनीहरूलाई न्यानो लुगा लगाइदिने, झोलिलो खानेकुराहरू दिनुपर्ने चिकित्सक पँजियारले बताए ।

तीन दिनदेखि चिसो बढे पनि महोत्तरीका स्थानीय पालिका तथा दैविक प्रकोप उद्धार समितिले चिसो र शीतलहरबाट बचाउने कुनै कामहरू गरेको देखिएको छैन । जलेश्वर नगरपालिका- १ का सुरेश राउतले चिसो बढे पनि पालिकाले कहिकतै दाउरा, सिरकहरू वितरण नगरेको बताउनुहुँदै पालिकाहरूलाई गम्भिर हुन आग्रह गरे ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले पालिकाहरूलाई चिसोबाट प्रभावित हुने समुदाय, व्यक्तिहरूको पहिचान गरी वन कार्यालयसँग समन्वय गरेर दाउरा वितरण तथा न्यानोको लागि उनीहरूलाई सिरक, कम्बल लगायतका वितरणहरू गर्न कार्यालय प्रमुखहरूको बैठकमै जानकारी गराइसकिएको बताए ।

विगतमा पनि पालिकाहरूले सिरक, कम्बलहरू वितरण गर्नुका साथसाथै दाउरा समेत वितरण गरेको बताउनुहुदै एक्कासी चिसो बढेकाले पालिकाहरूले वितरण गरेको वा प्रभावित भएकोबारे अहिले कतैंबाट सूचना प्राप्त नभएको सहायक प्रजिअ न्यौपानेले बताए ।

पश्चिमी चिसो हावाका कारणले तापक्रम तल झर्दै गएको छ भने चिसोको कारणले बजारमा चहलपहलमा कमी देखिएको छ । कार्यालयहरूमा सेवाका लागि आउने सेवाग्राहीको उपस्थिती पनि पहिलेभन्दा न्युन देखिने गरेको छ ।

त्यस्तै बिहानको तापक्रम अन्य दिनको तुलनामा एकदम कम रहने गरेको जल तथा मौसमविज्ञान विभाग फिल्ड कार्यालय सिमरा बाराले जनाएको छ । घाम नलाग्ने तथा पश्चिमी वायुको प्रभावसँगै हावा चल्ने गरेकाले बुधबार बिहानको तापक्रम १० डिग्री सेल्सियस मापन गरिएको सो कार्यालयका मौसम अवलोकनकर्ता प्रतिष्ठा अधिकारीले बताए ।

कुहिरो र चिसो हावा बतासले हात खुट्टा नै कठ्याग्रिन थालेपछि दैनिक काम गर्ने सर्वसाधारणलाई समस्या भएको छ । बाहिर श्रम गर्ने श्रमिकहरुलाई पनि चिसोले बढी प्रभाव पारेको छ, विशेषगरी रिक्सा ठेला चलाउने, निर्माणको काम गर्ने मजदुरलाई गाह्रो भइरहेको छ ।

चिसोलाई छल्न चोकचोकमा सर्वसाधारणले आगो बालेका छन् । चिसोका कारण कमै मानिस घर बाहिर निस्किरहेका छन् । चिसोले मुसहर, ढांगर, चमार, दुसाध बस्तीका बासिन्दालाई बढी प्रभाव पारेको छ ।

शीतलहर, बाक्लो कुहिरोका कारण चौपाया, पशुपंक्षी तथा बालीनालीलाई असर पुऱ्याएको छ । तराई मधेशमा न्यानो कपडाको अभावमा चिसोले कठ्याङ्ग्रिएर बर्सेनि गरीब, विपन्न, सीमान्तकृत समुदायका मानिसहरु बढी प्रभावित हुने गरेका छन् ।

पछिल्लो एक साता यता तराईमा घाम लागेको छैन । चिसोले बालबालिका, वृद्धवृद्धा तथा अशक्तलाई बढी मार परेको छ । बालबालिकाको पढनपाठन प्रभावित भएको छ भने वृद्धवृद्धालाई पनि समस्या बढेको छ, विशेष गरी कोल्ड डायरिया, दम र खोकीको बिरामी बढी देखिएको प्रादेशिक अस्पताल कलैयाका मेडिकल रेकर्डर निरज साहले बताए । चिसो आउनु अगाडि नै हुनसक्ने जोखिमलाई दृष्टिगत गर्दै जिल्ला विपद् व्यवस्थापन समितिको बैठक भइसकेको छ । मौसम परिवर्तनसँगै शीतलहर, जाडो लगायतबाट हुने अवस्था एवम् विपदबाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्नेबारे छलफल भइसकेको निमित्त प्रमुख जिल्ला अधिकारी एवं सहायक जिल्ला अधिकारी छविरमण भट्टराईले बताए ।

सो बैठकले प्रभावित क्षेत्र, गाउँ, टोलको गरीब तथा विपन्न परिवारहरुको पहिचान गर्ने, राहत तथा उद्दारको लागि आवश्यक पर्ने, दाउरा, न्यानो कपडा कम्बललगायतका आवश्यक सामाग्रीको भण्डारण गर्ने लगायतका विषयमा १६ वटै स्थानीय तह र सुरक्षा निकायलाई निर्देशन दिइएको छ । "साथै डिभिजन वन कार्यालयले स्थानीय तहको आवश्यकता अनुसार दाउराको व्यवस्था गर्नेछ," उनले भने ।

शीतलहर तथा चिसोजन्य विपद् र दैवी प्रकोपबाट प्रभावित हुन सक्ने सङ्कटापन्न परिवारका लागि यस आर्थिक वर्षका जिल्ला विपद् व्यवस्थापन समितिसँग २५ लाख बजेट छ । अस्ति सिमलतारमा भएको दुर्घटमा बाराका छ जना व्यक्ति परेकाले उनीहरुको अभिभावकलाई २-२ लाखको दरले राहत वितरण गरिएको उनले बताए ।

कुहिरोले गर्दा सवारी दुर्घटना हुने सम्भावना रहेकाले ५० मिटरभन्दा बढी सडक देख्न नसकिने अवस्था सिर्जना भएको छ, विपरीत दिशाबाट आउने सवारीसाधान र पैदलयात्रु तथा सवारी दुर्घटनाको जोखिमबाट बचाउन ठाउँठाउँमा ट्राफिक प्रहरीले निगरानी बढाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ बाराले जनाएको छ ।

कुहिरोका बेला सवारी साधनको गतिलाई सक्दो कम स्पिडमा सवारी चलाउन चालकलाई जानकारी गराउने गरेको सो कार्यालयका ट्राफिक प्रहरी नायब निरीक्षक अशोक बस्नेतले बताए ।

# 'छोटो समय मै प्रदेशको विकासका थुप्रै योजना अगाडी बढाएका छौँ'



**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेश सरकार प्रदेशवासीको भावना अनुसार काम गरीरहेको दाबीका साथ भए/गरेका सकारात्मक कुरालाई संचारक्षेत्रले उचित स्थान दिनु पर्नेमा जोड दिएका छन् ।

राजविराजमा बुधबार नेपाल पत्रकार महासंघ सप्तरी शाखाको नवनिर्वाचित पदाधिकारीहरुको प्रमाणपत्र वितरण एवं पदभार ग्रहण कार्यक्रममा बोल्दै उनले आफुले प्रदेशको नेतृत्व सम्हालेको छोटो समयमै प्रदेशको विकासको गर्ने बताए ।

उनले भने, "आफुले प्रदेशको नेतृत्व सम्हालेको छोटो समय मै प्रदेशको विकासका लागी थुप्रै योजनाहरु अगाडी बढाइरहे पनि सकारात्मक भन्दा नकारात्मक कुरा मिडीयामा बढी आउनु दुखःद छ, मुख्यमन्त्री सिंहले भने-सरकारका सकारात्मक कुरालाई पनि पत्रकारहरुले उचित स्थान दिनु जरुरी छ ।" बिरोधका लागी मात्र बिरोध नगरौं, सकारात्मक ढंगले पनि कलम चलाउनु पर्छ, उनले थपे । उनले अन्य क्षेत्र जस्तै पत्रकारीता क्षेत्र पनि सरकारको उच्च प्राथमिक्तामा परेको बताए । पत्रकारहरुको पेशागत सुरक्षाका लागी १ लाख रुपैयाको स्वास्थ्य विमा तथा ७ लाख रुपैयाको दुर्घट्ना विमा सहित उच्च शिक्षका लागी छात्रबृतिको व्यवस्था गरिएको जानकारी दिदै उनल पत्रकारहरुको गुणस्तरमा बृद्धि तथा संस्थागत विकासका लागी समेत प्रदेश सरकारले साधन श्रोतले भ्याए सम्म थप सहयोग गरेर देखाउने प्रतिबद्धता जनाए ।

प्रदेश साँसद एवं पत्रकार महासंघ सप्तरीका पूर्व सह सचिव माला कर्णले पत्रकारीता जगत आवाज विहीनहरुको आवाज भएको भन्दै सधै पीडीतको पक्षमा कलम चलाउन पत्रकारहरुको जिम्मेवारी रहेको बताईन ।

गत २८ मंसिरमा भएको निर्वाचनबाट श्रवण देवको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्य समिती निर्वाचित भएको थियो । निर्वाचितहरुलाई प्रमुख अतिथी मुख्यमन्त्री सिंहबाट प्रमाण पत्र प्रदान गरिएको थियो भने निर्वाचन समितीका संयोजक प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले सपथ ग्रहण गराएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समितीका प्रमुख शिवनारायण साह, पत्रकार महासंघका केन्द्रीय सदस्य द्वय ललिता साह, राजु विश्कर्मा, प्रदेश उपाध्यक्ष अम्बिका दाहाल, प्रेस युनियन सप्तरीका अध्यक्ष विनय लाल कर्ण, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, प्रेस मंचका अध्यक्ष भुषण सिह, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, जसपा नेपालका अध्यक्ष केदार यादव, जनमत पार्टीका जिल्ला इन्चार्ज राम गमन साह लगातले पनि नवनिर्वाचित समितीलाई सफलताको शुभकामना दिएका थिए ।

# मधेश प्रदेशसभाको बैठक पुस २३ गतेका लागि आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकबाट प्रदेशसभाको चौथो अधिवेशन आह्वान गर्न सिफारिस गरेको छ ।




यही पुस २३ गतेका लागि अधिवेशन आह्वान गर्न बैठकले प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको मधेश प्रदेश सरकारले जनाएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहको अध्यक्षतामा बसेको बैठकले नेपालको संविधानको धारा १८३ को उपधारा(१) बमोजिम प्रदेश सभाको प्रथम अधिवेशन मंगलबार अपरान्ह १ बजेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको मुख्यमन्त्री सिंहले बताए ।

विगत साढे तीन महिनादेखि ठप्प रहेको मधेश प्रदेश सभाको तेस्रो अधिवेशन गत ४ असोज ४ गते अन्त्य भएको थियो ।

जनता समाजवादी पार्टी नेपाललगायत प्रमुख प्रतिपक्षी दलले प्रदेश सभाको बैठक नबोलाएर सरकारले संसदलाई बन्धक बनाएको आरोप लगाइरहेका बेला बैठक बोलाउन सिफारिस गर्ने निर्णय गरिएको छ ।

सरकारको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभाको बैठक नयाँ अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था गरेको छ ।

मधेश प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा ३६, दोस्रो अधिवेशनमा १४ र तेस्रो अधिवेशनमा ३४ वटा वैठक बसेको थियो ।

# सशस्त्र प्रहरी निरीक्षक तुलाधरको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बलरा नगरपालिका-९ छतौनास्थित सशस्त्र प्रहरीको चेकपोस्टमा बस पल्टिँदा प्रहरी निरीक्षकको मृत्यु भएको छ ।

बा ००६ ख २००४ नम्बरको बस छतौनास्थित चेकपोस्टमा पल्टिँदा किचेर सशस्त्र बोर्डर आउट पोस्ट छतौनाका प्रहरी निरीक्षक बिजय तुलाधरको मुत्यु भएको छ ।

चेकपोस्टको छेउमा फोनमा कुरा गरिरहेका तुलाधरमाथि नै बस पल्टिएको प्रहरीले जनाएको छ । गम्भीर घाइते भएका तुलाधरको उपचारको क्रममा मृत्यु भएको सशस्त्र प्रहरीले जनाएको छ ।

बस चेकपोस्टमा राखिएको ड्रमलाई ठक्कर दिँदै पल्टिएको थियो । मृतक तुलाधरको शव प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ । बसमा सवार चालकदलका तीन जनालाइ प्रहरीले नियन्त्रणमा लिएको छ भने बसमा अन्य यात्रु भने थिएनन् ।

# स्थानीय तहका कर्मचारी आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका स्थानीय तहका कर्मचारीहरू पदस्थापनको माग गर्दै आन्दोलनमा उत्रेका छन् । आन्दोलनकारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हातामा उनीहरूले धर्ना दिँदै आएका छन् ।

स्थानीय तहका प्राविधिक, लेखा, राजस्व, प्रशासनलगायत विभिन्न समूहका एक सय ६० कर्मचारीले कार्यालयको काम छोडेर धर्नामा बसेका हुन् । पटक-पटक लिखित तथा मौखिक जानकारी गराए पनि कुनै सुनवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको आन्दोलनरत कर्मचारीको गुनासो छ ।

एक वर्ष अगाडि सङ्घीय लोकसेवा आयोगबाट उत्तीर्ण भई मधेस प्रदेशमा पदस्थापनका लागि सिफारिस भएका कर्मचारी कामविहीन भएपछि आन्दोलनमा उत्रेको उनीहरू बताउँछन् ।

स्थानीय तह कर्मचारी आन्दोलन समितिका संयोजक बीरबहादुर सलौराले सम्बन्धित निकायले सुनवाइ नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी दिए । मधेस प्रदेशमा एक हजार कर्मचारी स्थानीय तहका कर्मचारी कार्यरत रहेका छन् ।

उनले संघीय लोकसेवा आयोगबाट अन्य प्रदेशमा सिफारिस भएका कर्मचारीको पदस्थापन भए पनि मधेस प्रदेशका कर्मचारीको पदस्थापन नभएको बताए । पदस्थापन नभएकाले थप सेवा सुविधा पाउन समस्या भएको आन्दोलनरत एक कर्मचारीले बताए । उनीहरूले आन्दोलन गर्नुपूर्व मुख्यमन्त्री सतिशकुमार सिंहलाई लिखितरूपमा पदस्थापनको लागि आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझाए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८